कात्तिक - १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष २५, अङ्क १३ ‖ २०७३, कात्तिक १–१५ ‖ पूर्णाङ्क ५८३



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**प्रकाशन, सञ्चार तथा सम्पादन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्बबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोदकुमार यादव
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सहायक डिजायनर श्री रसना बज्राचार्य
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | ४१ |
| संयुक्त इजलास | १० |
| इजलास नं. १ | १६ |
| इजलास नं. २ | ६ |
| इजलास नं. ३ | ९ |
| इजलास नं. ४ | ३ |
| इजलास नं. ५ | ४ |
| इजलास नं. ६ | ३ |
| इजलास नं. ७ | ३ |
| इजलास नं. ८ | ३ |
| एकल इजलास | १ |
| जम्मा | ९९ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७३, कात्तिक – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१ - ३** |
| १. | लिखत दर्ता बदर | तिर्थरत्न तुलाधर वि. मङ्गलमान प्रजापति | |
| **संयुक्त इजलास** | | | **३ - ७** |
| २. | उत्प्रेषण | जगन्नाथ आचार्य वि. विद्यामन्दिर उच्च माध्यमिक विद्यालय, बागलुङ नगरपालिका वडा नं. ४, बागलुङसमेत | |
| ३. | उत्प्रेषण / परमादेश | पासाङ दोर्जे शेर्पा वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालयसमेत | |
| ४. | उत्प्रेषण / परमादेश | रामनारायण मण्डल वि. सिरहा जिल्ला, गाउँ विकास समितिको कार्यालय, महेशपुरसमेत | |
| ५. | उत्प्रेषण | बलराम यादव वि. श्री मालपोत कार्यालय, सप्तरी, राजविराजसमेत | |
| ६. | उत्प्रेषण / परमादेश | कृष्णप्रसाद पाण्डे वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत | |
| **इजलास नं.१** | | | **७ - १७** |
| ७. | मोही लगत कट्टा | इन्दरदेवी तेलीन वि. रामचन्द्र राउत | |
| ८. | भ्रष्टाचार | नेपाल सरकार वि. हेमन्तकुमार सिंहसमेत | |
| ९. | कर्तव्य ज्यान | रणबहादुर बुढासमेत वि. नेपाल सरकार | |
| १०. | कर्तव्य ज्यान / जबर्जस्ती चोरी | भीमबहादुर चलाउने वि. नेपाल सरकार | |
| ११. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दिवबहादुर आले | |
| १२. | भ्रष्टाचार / नक्कली प्रमाणपत्र | नेपाल सरकार वि. रमेश कार्की | |
| १३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुरज भन्ने समिर सुनारसमेत | |
| १४. | अपहरण तथा शरीर बन्धक, जबरजस्ती चोरी | विरू थामी वि. नेपाल सरकार | |
| १५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजकुमार श्रेष्ठसमेत | |
| १६. | खुन डाँका | नेपाल सरकार वि. रामकेश केवटसमेत | |
| १७. | कर्तव्य ज्यान | सर्जने साउद वि. नेपाल सरकार | |
| १८. | कर्तव्य ज्यान | नारायणप्रसाद कुमाल वि. नेपाल सरकार | |
| **इजलास नं. २** | | | **१७ - २२** |
| १९. | कर्तव्य ज्यान | महेश बोहरासमेत वि. नेपाल सरकार | |
| २०. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | नेपाल सरकार वि. प्रेमबहादुर कुँवरजी भन्ने प्रेमबहादुर कुँवर | |
| २१. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | नेपाल सरकार वि. कृष्णमाया खतिवडा | |
| २२. | भ्रष्टाचार | नेपाल सरकार वि. महिनारायण साह | |

| | | |
|---|---|---|
| २३. | भ्रष्टाचार | नेपाल सरकार वि. खगेन्द्रबहादुर हमाल |
| २४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. तुलबहादुर रोकाया |
| **इजलास नं. ३** | | **२२ - २७** |
| २५. | अंश चलन | उद्धब कार्कीसमेत वि. सृजना थापा कार्की |
| २६. | अंश | सावित्री थारूसमेत वि. अतोरनी थरूनीसमेत |
| २७. | अंश दर्ता | देवनारायण ठाकुर वि. शिवसुनर देवी |
| २८. | उपयुक्त आदेश जारी गरिपाऊँ | राजन भण्डारी वि. काठमाडौं महानगरपालिका वडा नं. ३२, अनामनगरस्थित न्यादी ग्रुप प्रा.लि. समेत |
| २९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. खड्के ताम्राकार |
| ३०. | डाँका | सत्यपाल बन्जारासमेत वि. नेपाल सरकार |
| **इजलास नं. ४** | | **२७ - २८** |
| ३१. | जबर्जस्ती चोरी | नेपाल सरकार वि. नन्दबहादुर मगर |
| ३२. | उत्प्रेषण / परमादेश | दुर्गाकुमारी लामा वि. सुरजबज्र लामासमेत |
| ३३. | परमादेश | अधिवक्ता श्यामकुमार विश्वकर्मासमेत वि. नेपाल सरकार |
| **इजलास नं. ५** | | **२८ - २९** |
| ३४. | उत्प्रेषण / परमादेश | अमरबहादुर पुनमगर वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौंसमेत |
| ३५. | दा.खा. नामसारी निर्णय दर्ता बदर दर्ता | गायत्रीदेवी कुम्हाल वि. जोगेन्द्रप्रसाद कुम्हाल |
| ३६. | कर्तव्य ज्यान | गजेन्द्र लावती वि. नेपाल सरकार |
| **इजलास नं. ६** | | **३० - ३२** |
| ३७. | लागु औषध खैरो हेरोइन | विक्रम थापामगर वि. नेपाल सरकार |
| ३८. | उत्प्रेषण | कृपाराम जैसी वि. जिल्ला शिक्षा कार्यालय, दैलेखसमेत |
| ३९. | उत्प्रेषण / परमादेश | दिनेश प्रधान वि. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल ललितपुरसमेत |
| **इजलास नं.७** | | **३२ - ३७** |
| ४०. | कर्तव्य ज्यान | हमान सिंह थापामगर वि. नेपाल सरकार |
| ४१. | कर्तव्य ज्यान | विकास खड्का वि. नेपाल सरकार |
| ४२. | लेनदेन | रामकुमार राजभण्डारी वि. ईच्छाकुमार श्रेष्ठ |
| **इजलास नं.८** | | **३७ - ३८** |
| ४३. | आयकर | आन्तरिक राजश्व कार्यालय, काठमाडौं क्षेत्र नं. २ वि. युनाइटेड डिस्ट्रिब्युटर्स नेपाल प्रा.लि. |
| **एकल इजलास** | | **३८** |
| ४४. | उत्प्रेषण | गोविन्दप्रसाद जैसवाल वि. विष्णुमाया अर्जेलसमेत |

## पूर्ण इजलास

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६५-NF-००६१, लिखत दर्ता बदर, *तिर्थरत्न तुलाधर वि. मङ्गलमान प्रजापति*

कसको नाममा रैकर परिणत हुने भन्ने मुद्दाको अन्तिम निर्णय हुन बाँकी भई मुद्दा विचाराधीन रहेको अवस्थामा सो तथ्यलाई छली विवादित जग्गा आफ्नो नाममा एकलौटी दर्ता गरी सो दर्ताको आधारमा लिखत गरी हक हस्तान्तरण गरेको हुँदा सो कार्य दूषित भई त्यस्तो दर्ता तथा लिखत वैध हुन र त्यस्तो लिखतले वैधता प्राप्त गर्न सक्ने हुँदैन । त्यस्तो दूषित क्रियाबाट गरेको लिखतको हक हस्तान्तरणबाट प्रतिवादीहरूको हक कायम रही रहन र वादीको हक समाप्त हुन सक्दैन। त्यस्तो दूषित क्रियाबाट तहगत लिखतको माध्यमबाट हक हस्तान्तरण गर्दै गए पनि सो कार्य गैरकानूनी, प्रभावहीन र अमान्य प्रकृतिको भएकोले प्रारम्भदेखि नै बदरभागी हुने हुँदा त्यस्तो दूषित दर्ता र लिखत हक हस्तान्तरणको विषयमा विवाद उठेमा दूषित लिखत दर्ता बदर गराउन हदम्याद बाधक हुन्छ भन्न पनि नमिल्ने।

कसैले प्राप्त गरेको जग्गाको मूल स्रोतको प्राप्ति नै कानूनविपरीतको छ भने त्यसपछि तहगतरूपमा हक हस्तान्तरण हुँदै गएका लिखतलाई पनि दूषित लिखतको अर्थमा ग्रहण गर्नुपर्ने हुन्छ। हकको मूल स्रोत नै वैधानिक नभएको स्थितिमा त्यस्तो अवैधानिक स्रोतको आधारमा तहगतरूपमा हक हस्तान्तरण हुँदै गएका लिखतहरूको अस्तित्व पनि शून्य नै हुन जाने।

माथि विवेचित आधार र कारणबाट प्रतिवादी गणेशकुमारी शाहीका दाता मंगलमान प्रजापतिले प्राप्त गरेको साबिक स्रोत कि.नं.१९८ को जग्गा दर्ताले वैधता प्राप्त गर्न नसकी बदर भएको अवस्थामा दिवाकरमान शेरचनले मंगलमान प्रजापतिबाट मिति २०३९।७।१ मा र.नं.२५७३ बाट पारित गरी लिएको कि.नं. ३७७ को जग्गाको हालैदेखिको बकसपत्रको लिखत वादीको हकजति बदर भई वादीको नाममा दर्तासमेत हुने ठहर्छ । दाबीबमोजिम लिखत बदर हुने ठहर गरेको काठमाडौं जिल्ला अदालतको मिति २०५४।३।१९ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको २०५७।१२।८ को फैसला सदर हुने ठहर गर्नुपर्नेमा उल्टी गरी फिराद दाबी खारेज हुने ठहर गरेको यस अदालतको संयुक्त इजलासको मिति २०६३।४।२२ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ । वादी दाबीबमोजिम वादीको हक जति लिखत बदर हुने ठहर गरेको काठमाडौं जिल्ला अदालतको मिति २०५४।३।१९ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको २०५७।१२।८ को फैसला मिलेकोले सदर हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७२ साल पुस ९ गते रोज ५ शुभम्।
यसै लगाउ/प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६५-NF-००६२, जालसाजी, *तिर्थरत्न तुलाधर वि. मङ्गलमान प्रजापति*
- ०६५-NF-००६५, लिखतबदर, *तिर्थरत्न तुलाधर वि. मङ्गलमान प्रजापतिसमेत*
- ०६५-NF-००६६, जालसाजी, *तिर्थरत्न तुलाधर वि. मङ्गलमान प्रजापतिसमेत*
- ०६५-NF-००६७, लिखत दर्ता बदर, *तिर्थरत्न तुलाधर वि. मङ्गलमान प्रजापति*
- ०६५-NF-००६८, जालसाजी, *तिर्थरत्न तुलाधर वि. मङ्गलमान प्रजापति*
- ०६५-NF-००६९, लिखत दर्ता बदर,, *तिर्थरत्न तुलाधर वि. मङ्गलमान प्रजापति*
- ०६५-NF-००७०, जालसाजी, *तिर्थरत्न तुलाधर वि. मङ्गलमान प्रजापति*
- ०६५-NF-००७१, लिखत दर्ता बदर,

*तिर्थरत्न तुलाधर वि. मङ्गलमान प्रजापति*

- ०६५-NF-००७२, जालसाजी, *तिर्थरत्न तुलाधर वि. मङ्गलमान प्रजापति*
- ०६५-NF-००७३, लिखत दर्ता बदर, *तिर्थरत्न तुलाधर वि. मङ्गलमान प्रजापति*
- ०६५-NF-००७४, जालसाजी, *तिर्थरत्न तुलाधर वि. मङ्गलमान प्रजापति*
- ०६५-NF-००७५, लिखत दर्ता बदर, *तिर्थरत्न तुलाधर वि. मु.स गर्ने निर्मलकृष्ण गंगोलसमेत*
- ०६५-NF-००७६, जालसाजी, *तिर्थरत्न तुलाधर वि. मु.स. गर्ने निर्मलकृष्ण गंगोलसमेत*
- ०६५-NF-००७७, लिखत दर्ता बदर, *तिर्थरत्न तुलाधर वि. मु.स. गर्ने निर्मलकृष्ण गंगोल*
- ०६५-NF-००७८, जालसाजी, *तिर्थरत्न तुलाधर वि. मु.स. गर्ने निर्मलकृष्ण गंगोल*
- ०६५-NF-००७९, लिखत दर्ता बदर, *तिर्थरत्न तुलाधर वि. मु.स. गर्ने निर्मलकृष्ण गंगोल*
- ०६५-NF-००८०, जालसाजी, *तिर्थरत्न तुलाधर वि. मु.स. गर्ने निर्मलकृष्ण गंगोल*
- ०६५-NF-००८७, लिखत दर्ता बदर, *तिर्थरत्न तुलाधर वि. सरस्वती जोन्छेसमेत*
- ०६५-NF-००८८, जालसाजी, *तिर्थरत्न तुलाधर वि. सरस्वती जोन्छेसमेत*
- ०६५-NF-००९१, लिखत दर्ता बदर, *तिर्थरत्न तुलाधर वि. मु.स. गर्ने निर्मलकृष्ण गंगोल*
- ०६५-NF-००९२, जालसाजी, *तिर्थरत्न तुलाधर वि. मु.स. गर्ने निर्मलकृष्ण गंगोल*
- ०६५-NF-००९३, लिखत दर्ता बदर, *सुवन बज्राचार्यसमेत वि. मु.स. गर्ने निर्मलकृष्ण गंगोल*
- ०६५-NF-००९४, लिखत दर्ता बदर, *सुवन बज्राचार्यसमेत वि. मु.स. गर्ने निर्मलकृष्ण गंगोलसमेत*
- ०६५-NF-००९५, लिखत दर्ता बदर, *सुवन बज्राचार्यसमेत वि. मु.स. गर्ने निर्मलकृष्ण गंगोलसमेत*
- ०६५-NF-००९८, लिखत दर्ता बदर, *सुवन बज्राचार्यसमेत वि. सरस्वती जोन्छेसमेत*
- ०६५-NF-००९९, जालसाजी, *सुवन बज्राचार्यसमेत वि. सरस्वती जोन्छे*
- ०६५-NF-०१००, लिखत दर्ता बदर, *सुवन बज्राचार्यसमेत वि. मङ्गलमान प्रजापति*
- ०६५-NF-०१०१, जालसाजी, *सुवन बज्राचार्यसमेत वि. मङ्गलमान प्रजापति*
- ०६५-NF-०१०६, लिखत बदर, *सुवन बज्राचार्यसमेत वि. मङ्गलमान प्रजापति*
- ०६५-NF-०१०७, जालसाजी, *सुवन बज्राचार्यसमेत वि. मङ्गलमान प्रजापतिसमेत*
- ०६५-NF-०१०८, लिखत दर्ता बदर, *सुवन बज्राचार्य समेत वि. मङ्गलमान प्रजापति*
- ०६५-NF-०१०९, जालसाजी, *सुवन बज्राचार्य समेत वि. मङ्गलमान प्रजापति*
- ०६५-NF-०११०, लिखत दर्ता बदर, *सुवन बज्राचार्यसमेत वि. मु.स. गर्ने निर्मलकृष्ण गंगोल*
- ०६५-NF-०१११, जालसाजी, *सुवन बज्राचार्यसमेत वि. मु.स. गर्ने निर्मलकृष्ण गंगोल*
- ०६५-NF-०११६, लिखत दर्ता बदर, *सुवन बज्राचार्यसमेत वि. मङ्गलमान प्रजापति*
- ०६५-NF-०११७, जालसाजी, *सुवन बज्राचार्यसमेत वि. मङ्गलमान प्रजापति*
- ०६५-NF-०११८, लिखत दर्ता बदर, *सुवन बज्राचार्यसमेत वि. मङ्गलमान प्रजापति*
- ०६५-NF-०११९, लिखत दर्ता बदर, *मु.स. गर्ने सुवन बज्राचार्यसमेत वि. मङ्गलमान*

*प्रजापति*

- ०६५-NF-०१२०, लिखत दर्ता बदर, *मु.स. गर्ने सुवन बज्राचार्यसमेत वि. मङ्गलमान प्रजापति*
- ०६५-NF-०१२१, जालसाजी, *मु.स. गर्ने सुवन बज्राचार्यसमेत वि. मङ्गलमान प्रजापति*

## संयुक्त इजलास

१

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७२-WO-०३६०, उत्प्रेषण, *जगन्नाथ आचार्य वि. विद्यामन्दिर उच्च माध्यमिक विद्यालय, बागलुङ नगरपालिका वडा नं. ४, बागलुङसमेत*

मिसिल संलग्न जिल्ला शिक्षा कार्यालय बागलुङले विपक्षी विद्यालयलाई लेखेको मिति २०७२।७।२९ को पत्रमा उक्त विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये पहिलो जेष्ठ वरिष्ठमा रिट निवेदक जगन्नाथ आचार्य र दोस्रो जेष्ठ वरिष्ठमा शिक्षक शान्तमणी ढकाल देखिएको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । विपक्षी छविरमण शर्मा रेग्मीलाई निमित्त प्रधानाध्यापकको जिम्मेवारी प्रदान गरिएको पत्रबाटै निज उक्त विद्यालयको मा.वि. तृतीय श्रेणीको शिक्षक रहेको भन्ने देखिएको तथा विपक्षीहरूले लिखित जवाफ फिराई रिट निवेदकले उठाएका प्रश्नको खण्डन गर्न सकेकोसमेत नदेखिएको अवस्थामा रिट निवेदक उक्त विद्यालयको वरिष्ठतम मा.वि. द्वितीय श्रेणीको शिक्षक रहेको भन्ने कुरामा विवाद गरिरहनु परेन । यसरी विद्यालयमा माथिल्लो तह र श्रेणीको वरिष्ठतम शिक्षक कार्यरत रहिरहेको अवस्थामा तल्लो श्रेणीको शिक्षकलाई निमित्त प्रधानाध्यापक भई कामकाज गर्नेगरी जिम्मेवारी प्रदान गरेको विपक्षहरूको कार्य कानूनसम्मत देखिन नआउने ।

अतः उल्लिखित आधार कारणबाट रिट निवेदक जगन्नाथ आचार्य विपक्षी विद्यामन्दिर उच्च माध्यमिक विद्यालयमा कार्यरत रहेका मा.वि. स्थायी शिक्षकहरूमध्ये माथिल्लो श्रेणीको वरिष्ठतम शिक्षक रहेकोमा निजलाई उक्त विद्यालयको रिक्त प्रधानाध्यापक पदमा निमित्तको जिम्मेवारी प्रदान नगरी तल्लो तहमा कार्यरत विपक्षी शिक्षक छविरमण शर्मा रेग्मीलाई निमित्त प्रधानाध्यापकको जिम्मेवारी प्रदान गरेको विपक्षी विद्यालयको मिति २०७२।७।१५ को पत्र तथा सोलाई अनुमोदन गर्ने गरी उक्त विद्यालयको व्यवस्थापन समितिबाट मिति २०७२।८।२ मा भएको निर्णयसमेत कानूनसम्मत रहेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । सो ठहर्नाले उक्त रिक्त प्रधानाध्यापक पदमा यी रिट निवेदकलाई कानूनबमोजिम निमित्त प्रधानाध्यापकको जिम्मेवारी प्रदान गरी निजलाई निर्वाधरूपमा कामकाज गर्न दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल फागुन १८ गते रोज ३ शुभम् ।

२

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-१३४०, उत्प्रेषण / परमादेश, *पासाङ दोर्जे शेर्पा वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालयसमेत*

निजामती सेवा नियमावली, २०५० को नियम २६ मा कामको प्रकृति हेरी विशेषज्ञताको विकासका लागि नभई नहुने अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी निजामती सेवाको राजपत्राङ्कित श्रेणीको कुनै खास पदलाई विशेषज्ञ पद तोक्न सक्नेछ । त्यस्तो सूचनामा सो पदलाई चाहिने विशेष योग्यतासमेत खुलाउनु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेको पाइने ।

यसैगरी महालेखा परीक्षकको विभागको मिति २०५७।१२।१३ मा प्रकाशित नेपाल राजपत्रको सूचनाबाट लेखापरीक्षण सेवाको रा.प. द्वित्तीय

श्रेणीको निर्देशक पदलाई विशेषज्ञ पद तोकी सो पदको लागि न्यूनतम् शैक्षिक योग्यता "स्नातक भई चार्टर्ड एकाउन्टेन्टस वा सो सरहको परीक्षा उत्तीर्ण भएको हुनुपर्ने भनी शैक्षिक योग्यता तोकेको देखिन आएको छ। सोहीअनुसार नै विवादित रा.प. द्वित्तीय श्रेणीको निर्देशक पदका लागि आवश्यक न्यूनतम् शैक्षिक योग्यता स्नातक भई चार्टर्ड एकाउन्टेन्टस वा सोसरहको परीक्षा उत्तीर्ण भएको हुनुपर्ने" भनी आयोगबाट विज्ञापन भएको देखिँदा न्यूनतम् शैक्षिक योग्यताको सर्त पूरा भएकै देखिन्छ । कुनै सेवामा रहने पदको कामको प्रकृतिअनुसार सो काम गर्न चाहिने आवश्यक ज्ञान सीप एवम् न्यूनतम् योग्यता तोक्ने विषय सम्बन्धित निकायको आवश्यकता र विवेकमा निर्भर रहेन हुन्छ। यसरी सेवा सञ्चालन गर्ने सम्बन्धित निकायले नेपाल चार्टर्ड एकाउन्टेन्टस ऐनको प्रक्रिया पूरा गरी दर्ता भएकोसमेत हुनुपर्ने भनी थप योग्यता तोकेको नदेखिँदा औचित्यमा प्रवेश गरी मुद्दाको सिलसिलामा चार्टर्ड एकाउन्टेन्टस संस्थाको सदस्यतासमेत आवश्यक हुने भनी अदालतबाट हस्तक्षेप गर्न मिल्ने नदेखिने।

सिफारिस गरिएका विपक्षी कमलप्रसाद सिलवालले चार्टर्ड एकाउन्टेन्टसको उपाधि लिए तापनि पेसागत प्रमाणपत्र प्राप्त नगरेको भन्ने नै निवेदकको जिकिर रहेको देखिन्छ। कुनै पनि विषयमा शैक्षिक योग्यता हासिल गर्नु र कुनै पेसा व्यवसाय गर्न कुनै संस्थामा आवद्ध हुनु फरकफरक कुरा हो । व्यावसायिक संस्थामा दर्ता पेसागत व्यवसाय सञ्चालन गर्ने प्रयोजनका लागि हुन्छ भने विवादित पद सरकारी प्रयोजनका लागि छ । संस्थामा दर्ता नभई लेखा व्यवसाय गर्न नहुने भन्ने नेपाल चार्टर्ड एकाउन्टेन्टस ऐन, २०५३ को प्रयोजन भिन्न भएकोले निजामती सेवाको लागिसमेत न्यूनतम् शैक्षिक योग्यताको लागि सोही प्रावधान लागू हुने भनी सोसँग सम्बद्ध गरेर प्रस्तुत विवादलाई हेर्न मिल्दैन। कुनै खास पेसागत संस्थामा आवद्ध नभएको परिणामस्वरूप हासिल गरेको शैक्षिक उपाधी अमान्य हुन्छ भन्न नमिल्ने।

विज्ञापित पदको परीक्षामा यी निवेदक पनि समावेश भई आफू अनुत्तीर्ण भएपछि मात्रै विपक्षीको शैक्षिक योग्यतामा प्रश्न उठाएको देखिन्छ । विपक्षी कमलप्रसाद सिलवालले चार्टर्ड एकाउन्टेन्टसको प्रमाणपत्र प्राप्त गरेको देखिएको हुँदा परीक्षामा सामेल गर्ने प्रयोजनको लागि विज्ञापनको सर्त पूरा भएको मान्नुपर्ने हुन्छ। विज्ञापनको उद्देश्य विज्ञापित पदमा सहभागी उम्मेदवारको उपयुक्तताको सम्भाव्यता हेर्ने हो । सो परीक्षाको माध्यमबाट तय हुने भई सो प्रकियाबाट विपक्षी उत्तीर्ण भएको देखिँदा विज्ञापनको सर्त पूरा भएको देखिन्छ। यसर्थ विज्ञापनको सर्तविपरीत परीक्षामा सहभागी गराई छनौट पत्र सिफारिस गरेको भन्न नमिल्ने।

तसर्थ माथि विवेचित आधार कारणबाट लोक सेवा आयोग केन्द्रीय कार्यालयबाट प्रकाशित वि.नं. ३०२२/०६९-७० लेखापरीक्षण सेवा रा.प. द्वित्तीय श्रेणी निर्देशक (विशेषज्ञ) पदमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्तिका लागि सिफारिस गर्ने गरी मिति २०७०।२।१४ मा भएको निर्णय र त्यसउपर परेको निवेदकको उजुरी सम्बन्धमा भएको मिति २०७०।२।२९ को निर्णय कानूनविपरीत भएको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७२ साल असोज ५ गते रोज ३ शुभम्।

३

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CI-०६०६, उत्प्रेषण / परमादेश, *सिरहा जिल्ला, गाउँ विकास समितिको कार्यालय, लक्ष्मीपुरको तर्फबाट ऐ.का प्राविधिक सहायक रामनारायण मण्डल वि. सिरहा जिल्ला, गाउँ विकास समितिको कार्यालय, महेशपुरसमेत*

कि.नं.२० र २१ को जग्गासमेत आफ्नो गा.वि.स. अन्तर्गत कायम हुनुपर्ने भनी निवेदकले दाबी लिएकोमा उक्त कि.नं.२० र २१ को हकमा आफ्नो गा.वि.स.को कुनै सरोकार नभएको भनी महेशपुर गा.वि.स.को लिखित जवाफ रहेको देखिन्छ । कुनै पनि गा.वि.स.को सिमाना तोक्न वा हेरफेर गर्नसक्ने अधिकार स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६ ले नेपाल सरकारलाई प्रदान गरेको देखिन आएको छ। कुनै गा.वि.स.ले कुनै क्षेत्र आफ्नो सिमाना कायम हुनुपर्ने भन्दैमा स्वतः त्यस्तो क्षेत्र सो गा.वि.स.को सिमानाभित्र पर्ने गरी कायम हुन सक्ने पनि होइन। नाप नक्साले कुनै गा.वि.स.को सिमाना हेरफेर हुने नभई नेपाल सरकारको निर्णयबाट मात्र गा.वि.स.को सिमाना हेरफेर हुनसक्ने भएबाट निवेदक गा.वि.स.ले लिएको दाबीतर्फ केही विचार गरिहरन नपर्ने ।

अतः माथि विवेचित आधार र कारणबाट निवेदन दाबी खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७१।२।२५ को आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इति संवत् २०७२ साल भदौ ८ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CI-०६०७, निषेधाज्ञा, *सिरहा जिल्ला, गाउँ विकास समितिको कार्यालय, लक्ष्मीपुरको तर्फबाट ऐ.का प्राविधिक सहायक रामनारायण मण्डल वि. सिरहा जिल्ला, गाउँ विकास समितिको कार्यालय, महेशपुरसमेत*
- ०६७-CI-०६०८, निषेधाज्ञा, *सिरहा जिल्ला, गाउँ विकास समितिको कार्यालय, लक्ष्मीपुरको तर्फबाट ऐ.का प्राविधिक सहायक रामनारायण मण्डल वि. सिरहा जिल्ला, गाउँ विकास समितिको कार्यालय, महेशपुरसमेत*

४

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-०६००, उत्प्रेषण, *देबकी देवीको मु.स. गर्ने बुधराम यादवको वारेस भई आफ्नो हकमा समेत बलराम यादव वि. श्री मालपोत कार्यालय, सप्तरी, राजविराजसमेत*

विपक्षी समतोलिया देवीले निवेदकको आमा देबकी देवीसँग मिति २०५२।४।१५मा कपाली तमसुक गरी लिएको ऋणको साँवा ब्याज भरी पाउने ठहरी फैसला भएको भन्नेमा विवाद देखिँदैन । विपक्षी समतोलिया देवीले आफ्नो नामको जग्गा मिति २०५७।४।२५ मा छोरी राजकुमारी यादवलाई बकसपत्र गरिदिएको देखिन्छ । लेनदेन मुद्दाको फिराद पर्नुअगावै बकसपत्रको लिखतबाट प्राप्त सम्पत्तिबाट बिगो असुलउपर गर्न मिल्दैन भनी विपक्षीले जिकिर लिएको पाइन्छ । आफूले लिएको ऋण दायित्वलाई छल्ने उद्देश्यले नाबालक छोरीको नाममा मिति २०५७।४।२५ मा बकसपत्रबाट सम्पत्ति हस्तान्तरण गरेको भए तापनि बकसपत्र मिति भन्दा अगावै अर्थात् मिति २०५२।४।१५ मा भएको लेनदेन कारोबारबाट मुद्दाको उठान भएको देखिएकोले विपक्षीले लिएको जिकिर स्वीकारयोग्य देखिदैन। निवेदककी आमा देबकी देवी यादव र विपक्षी समतोलिया देवीबिच चलेको लेनदेन मुद्दाको कारणबाट मिति २०५७।७।३० देखि नै विवादित जग्गा रोक्का रही बकसपत्रबाट हकप्राप्त गरेकी विपक्षी राजकुमारी यादवको नाममा दाखिल खारेज हुन नसकेको देखिन्छ । समयमा ऋण नतिरेको कारण लेनदेन मुद्दा दिन्छु भनी वादीले भनेपश्चात ऋण तिर्ने आफ्नो दायित्वबाट उम्कने उद्देश्यले विपक्षी समतोलिया देवीले नाबालक छोरीको नाममा बकसपत्र गरिदिएकोले निजका नाममा अब कुनै सम्पत्ति बाँकी रहेको देखिँदैन । आफ्नो नामको सम्पत्ति छोरीको नाममा बकसपत्र गरिदिएको भए तापनि रीतपूर्वकको बन्डापत्र खडाभई आमाछोरी छुट्टि भिन्न भएको भन्ने

देखिएको छैन । प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुसार अन्यथा प्रमाणित नभएसम्म एकाघरसँगका अंशियारमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नुपर्ने हुँदा सगोलका अंशियारको नाममा बकसपत्र गरी दिएको विवादित सम्पत्ति सगोलमा नै रहेको मान्नुपर्ने हुन आउने ।

ऋण लिएको समय अर्थात् मिति २०५२।४।१५ देखि बकसपत्र गरिदिएको अवस्थासम्म आमाछोरी सगोलका अंशियार रहेको देखिँदा मुलुकी ऐन, दण्ड सजायको महलको २६ नं. अनुसार सगोलको ऋण तिर्नुपर्ने दायित्व विपक्षी राजकुमारी यादवले समेत बहन गर्नुपर्ने हुन्छ । परिवारको मुख्य व्यक्ति आमाले घर व्यवहार चलाउनका लागि लिएको ऋण यी विपक्षीलेसमेत बेहोर्नु पर्ने हुँदा निजको नाममा बकसपत्रबाट प्राप्त भएको सम्पत्तिबाट असुल हुन नसक्ने भन्नु कानूनविपरीत हुने देखिन्छ । अदालतको अन्तिम फैसलाबाट सावाँ ब्याज भरी पाउने वादीको हक स्थापित भैसकेको स्थितिमा बिगो भरिदिनुपर्ने दायित्वबाट विपक्षीले उन्मुक्ति पाउँछ भन्न नमिल्ने ।

ऋण खाँदा सगोलमा रहेकी विपक्षी राजकुमारी यादवको सम्पत्तिबाट बिगो असुलउपर हुन नसक्ने भनी दायित्वमुक्त गरी दिने हो भने अदालतबाट भएको लेनदेन मुद्दाको फैसला निस्प्रयोजित हुने देखिन्छ । विवादित जग्गा मिति २०६९।३।२५ मा लिलाम भइसकेको, उक्त लिलामउपर कसैको उजुर नपरेको अवस्था हुँदा लिलाम कार्य अन्तिम भएर रहेको देखिन्छ । यसरी लिलाम भइसकेको तथ्यलाई अनदेखा गरी रोक्का फुकुवा गर्नेगरी भएको पुनरावेदन अदालतको आदेशबाट फैसला कार्यान्वयन नै निष्प्रभावी हुनगएको देखिन्छ । अदालतले आदेश गर्दा आफ्नो फैसला कार्यान्वयनलाई नै निष्कृय हुने गरी गर्न उचित नहुने ।

माथि विवेचित आधार कारणबाट विवादित कि.नं. ८०४ को क्षे.फ. ०-१-२ जग्गा वादीले भरिपाउने ठहरेको बिगो असुलउपरका लागि मिति २०६९।३।२५ मा लिलाम भई विपक्षीमध्येका गोविन्दप्रसाद यादवले लिलाम सकार गरी वादीले भरिपाउने बिगो रकम धरौटसमेत राखिसकेको, उक्त लिलाम कानूनविपरीत भयो भनी लिलाम बदरतर्फ कसैको उजुर नपरी अन्तिम भई फैसला कार्यान्वयन भइसकेको अवस्थामा अप्रासंगिक कुरा उठाइ जिल्ला अदालतबाट विवादित जग्गाको रोक्का फुकुवा गर्न मिलेन भनी कानूनबमोजिम भएको मिति २०६९।२।१९ को आदेश बदर गरी रोक्का फुकुवा गर्नु भनी गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।८।८ को आदेश त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत: सुरेशराज खनाल

इति संवत् २०७२ साल असोज ७ गते रोज ५ शुभम् ।

५

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-WO-१०३१, उत्प्रेषण / परमादेश, *कृष्णप्रसाद पाण्डे वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत*

राजपत्राङ्कित द्वितीय श्रेणी, सामान्य प्रशासन समूहको रिक्त उपसचिव पदमा रेवतीराज सापकोटा, अम्बिकाप्रसाद अधिकारी र राजकपुर चम्लागाईलाई बढुवा गरेको लोक सेवा आयोगको मिति २०६७।१२।१० को निर्णय बदर गरी उक्त पदमा आफ्नो बढुवा हुनुपर्ने भनी यी निवेदकले दाबी लिएकोमा बढुवा सूचना नं. ४३/०६८-७९ मिति २०६८।१०।२६ को निर्णयबाट निज निवेदक उपसचिव पदमा बढुवा भई पदस्थापनासमेत भइसकेको देखिएबाट जुन पदमा आफू बढुवा हुनुपर्ने भनी माग राखी यी निवेदकले रिट निवेदन दायर गरेका थिए । निज निवेदक मिति २०६८।१०।२६ मा उपसचिव पदमा बढुवा भई माग दाबीको औचित्य नै समाप्त भई रिट निवेदनको कुनै प्रयोजन नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सुरेशराज खनाल

इति संवत् २०७२ साल फागुन ९ गते रोज शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६७-WO-०९२१, उत्प्रेषण / परमादेश, *शङ्करबहादुर विष्ट वि. सामान्य प्रशासन मन्त्रालयसमेत*
- ०६७-WO-०८७९, उत्प्रेषण / परमादेश, *भवानीप्रसाद पराजुली वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०६७-WO-०९९२, उत्प्रेषण / परमादेश, *कृष्णप्रसाद गौतम वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत*

## इजलास नं. १

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०७१-CI-०२३०, मोही लगत कट्टा, *इन्दरदेवी तेलीन वि. रामचन्द्र राउत*

प्रतिवादी रामचन्द्र राउतको बाबु सरजुग राउत र कोदई राउत भन्ने फरक व्यक्ति रहे भन्ने पुनरावेदकको भनाइ रहेको छ। यससम्बन्धी विषयको निर्णय गर्न पाउने अधिकार उमेर नाम र जात सच्याउने नियम २०१७ को नियम ३ को उपनियम २ ले प्रमुख जिल्ला अधिकारीलाई प्रदान गरेको देखिन्छ। यससम्बन्धमा जिल्ला प्रशासन कार्यालय, रौतहटको मिति २०६९।४।३१ को पत्रबाट सरजुग राउत र कोदई राउत भन्ने व्यक्ति एउटै भएको भन्ने उल्लेख भई आएको देखिन्छ। यसरी आधिकारिक निकायबाट प्रतिवादी रामचन्द्र राउतको बाबु सरजुग राउत र कोदई राउत एउटै व्यक्ति भएको भनी लेखी आएबाट सोलाई नै मान्नुपर्ने हुन्छ। साथै सरजुग राउत हरचन राउतको छोरा हुन् भन्ने कुरा वादी हुलास राउत कुर्मी प्रतिवादी सरजुग राउत कुर्मीसमेत भएको २०४५ सालको अंश मुद्दाको मिलापत्रबाट देखिएको छ। यी प्रतिवादी कोदईको छोरा भन्ने मिसिल संलग्न नागरिकताको प्रतिलिपिबाट देखिन्छ। यसमा उल्लिखित आधार प्रमाणहरूबाट वादी दाबीको जग्गाको मोही यी वादीका पिता कोदई राउत भन्ने सरजुग राउत नै भएको देखिन आएको हुँदा विवादको जग्गाको मोही कोदई राउत भन्ने सरजुग राउत कुर्मीको कानूनबमोजिमको हकदार छोरा यी प्रतिवादी भएको तथ्य पुष्टि हुन आएको छ। मोही सरजुग राउत कुर्मीको कोही पनि हकदार नभएको भन्ने यी पुनरावेदक वादीको जिकिर मनासिब नदेखिने।

साबिकका जग्गा धनीले मोहीको मृत्युपछि पनि मोहीको लगत कट्टा गराएको कहीँकतैबाट नदेखिएको अवस्थामा उक्त जग्गामा निजको मृत्युपछि निजको हकवाला छोरा प्रत्यर्थी प्रतिवादीको मोही हक कायम रहने देखिन आउने।

उल्लिखित आधार र कारणहरूसमेतबाट प्रतिवादी रामचन्द्र राउतको पिता कोदई भन्ने नागरिकतामा देखिएको र कोदई नै सरजुग हो भन्ने जिल्ला प्रशासन कार्यालय, रौतहटको पत्रसमेतबाट देखिएको अवस्थासमेतबाट पुनरावेदक वादी दाबीको जग्गाको मोही यिनै प्रत्यर्थी प्रतिवादीका बाबु कोदई भन्ने सरजुग राउत देखिँदा सुरू भूमिसुधार कार्यालय, रौतहटको निर्णय उल्टी गरी मोहीको लगत कट्टा नहुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।९।२८ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल मङ्सिर १८ गते रोज ६ शुभम्।

- यसै लगाउको ०७१-CI-०२२९, मोही नामसारी, *इन्दरदेवी तेलीन वि. रामचन्द्र राउत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७२-CR-०४१०, भ्रष्टाचार, *नेपाल सरकार वि. हेमन्तकुमार सिंहसमेत*

सञ्चालनमा नै नरहेको विद्यालयको नाममा रकम निकासा गराएको भन्नेतर्फ विचार गर्दा जिल्ला शिक्षा कार्यालय, सर्लाहीबाट २०६९ सालमा प्रकाशित शैक्षिक सूचना दर्पण २०६९ को छायाँप्रतिको सि.नं. १८३ मा सामुदायिक प्रा.वि. भाडसर-४ को प्रधानाध्यापक जयनारायण यादव र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ललिता यादवको नाम उल्लेख भएको देखिएको। उक्त विद्यालय अपग्रेड गर्दा पनि विद्यालय निरीक्षकले स्थलगत निरीक्षण गरिदिएको प्रतिवेदनको आधारमा टिप्पणी उठाई अनुमति दिएको भन्ने र जिल्ला शिक्षा कार्यालय, सर्लाहीको च.नं. ७७१ मिति २०६६।६।६ को पत्रबमोजिम कक्षा २ सञ्चालन गर्नका लागि अनुमति दिएको। त्यसैगरी च.नं. २३६१ मिति २०६७।२।२७ को पत्रबाट कक्षा ३ सञ्चालन गर्न अनुमति दिएको देखिएको र विभिन्न मितिमा उक्त विद्यालयको विद्यालय व्यवस्थापन समितिले बैठक बसी थप शिक्षक नियुक्ति गर्ने जयनारायण यादवलाई प्रधानाध्यापकको जिम्मेवारी दिने गरी बैठकबाट निर्णय गरेको छायाँकपीसमेत मिसिल सामेल रहेको देखाएबाट विद्यालय सञ्चालन मै नरहेको भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

त्यसैगरी निकासा भएको रकमको हकमा विचार गर्दा यी प्रतिवादीहरूले जम्मा रू. ६,१४,२५५।१५ निकासा गराई हिनामिना गरेको भन्ने दाबी रहेकोमा उक्त रकम बेरूजु भएकाले बेरूजु रकम दाखिल गर्नु भनी जिल्ला शिक्षा कार्यालय, सर्लाहीले सामुदायिक प्रा.वि. भाडसर-४ लाई क्रमश: च.नं. ६७७ मिति २०७१।५।२४ र च.नं. २९०९ मिति २०७१।११।१९ मा गरी २ पटक पत्राचार भएपछि सो विद्यालयले नेपाल बैंक लिमिटेड, मलङ्गवामा रकम बुझाई बुझाएको भौचरको प्रतिलिपिसमेत संलग्न गरी कूल जम्मा रू. ६,१७,५००/- रकम दाखिला भइसकेको भनी जिल्ला शिक्षा कार्यालय, सर्लाहीको च.नं. ३३०६ मिति २०७२।२।२४ को पत्रबाट देखिन्छ । जसबाट प्रस्तुत मुद्दामा सो रकमलाई सरकारको आधिकारिक निकायले बेरूजु देखाई दाखिला गर्ने म्यादसमेत तोकी सोहीअनुरूप बेरूजु तिरे बुझाएको देखिँदा प्रतिवादीहरूले सरकारी हानि नोक्सानी गरी आफूले गैरकानूनी फाइदा लिएको भन्ने कुरा देखिन नआउने।

भ्रष्टाचारको कसुर कायम हुन निकासा रकम खर्च गर्ने वा निकासा लिनेले निकासा लिँदा, दिँदा वा खर्च गर्दा सरकारलाई हानि नोक्सानी गर्ने मनसायबाट आफूले त्यसबाट केही लिनु खानु गर्ने नियत वा मनसाय राखेर निकासा लिए दिएको वा खर्च अपारदर्शीरूपमा गरी त्यसबाट आफूसमेतले केही लिनुखानु गरी आर्थिक लाभ लिने उद्देश्य लिएको वा लिनेखाने बदनियत राखेको पुष्टि हुनुपर्दछ । प्रतिवादीहरूले गरेको खर्च उपर्युक्तअनुसार बदनियत तरिकाले दूषित मनसायबाट भएको हो भन्ने तथ्य वस्तुनिष्ठ प्रमाणबाट वादीले पुष्टि गर्न सकेको देखिँदैन । तसर्थ प्रतिवादीहरूउपरको अभियोग वस्तुनिष्ठ प्रमाणद्वारा शङ्कारहित तरिकाले पुष्टि हुनसकेको नदेखिएकोले प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी विशेष अदालत, काठमाडौंबाट भएको फैसला मनासिब देखिन आउने।

उल्लिखित तथ्य एवम् विवेचनासमेतको आधारमा प्रतिवादीहरूको दूषित मनसायले सरकारी रकम खर्च गरेको भन्ने केवल पुनरावेदन जिकिरको आधारमा मात्र विश्वास गर्न नसकिने हुँदा विशेष अदालत, काठमाडौंबाट प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने गरी मिति २०७२।२।३१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । आरोपपत्र दाबीबमोजिम प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन

जिकिर पुग्न नसक्ने।
इजलास अधिकृतः तिर्थराज भट्ट
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७२ साल चैत १४ गते रोज १ शुभम्।
यसै प्रकृतिमा निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७२-CR-०१८५, भ्रष्टाचार, *नेपाल सरकार वि. सुधीरकुमार यादवसमेत*
- ०७२-CR-०२२४, भ्रष्टाचार, *नेपाल सरकार वि. श्यामकुमार यादवसमेत*
- ०७२-CR-०७५६, भ्रष्टाचार, *नेपाल सरकार वि. धर्मेन्द्रकुमार यादवसमेत*

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-CR-०१५४, कर्तव्य ज्यान, *रणबहादुर बुढासमेत वि. नेपाल सरकार*

प्रस्तुत वारदातमा प्रतिवादीहरूको संलग्नता थिएन भन्ने पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा वारदातमा केही संलग्नता नभएको भए यी प्रतिवादीहरूले तत्काल आफ्नो गाउँघरमा मृतक मनबहादुर वली भिरबाट लडेको खबर गर्नुपर्ने, नजिकको प्रहरी चौकीमा तुरून्तै खबर जानकारी दिनुपर्नेमा चुपचाप लागी आइते वलीको घरमा गई सुतेको अवस्था र मृतकको लासनजिक भेटिएको घटनास्थल मुचुल्कामा उल्लेख भएको टोपी देखाउँदा देखी चिनेँ त्यो टोपी मेरै हो भनी प्रतिवादी रणबहादुर बुढाले अदालतसमक्ष सनाखत बयानसमेत गरिदिएको मिसिलबाट देखिन्छ। प्रतिवादीहरू र मृतकका बिचमा कुनै पनि धकलपकल तथा मुठभेड नभएको भए प्रतिवादी रणबहादुर बुढाको टोपी मृतकको लासनजिक भेटिने अवस्था नै रहँदैन। यी अवस्था र परिस्थितिलाई विचार गर्दा यी प्रतिवादीहरूले मृतकलाई कर्तव्य गरी मारेका होइनन् भनी लिएको पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

उल्लिखित तथ्य एवम् विवेचनासमेतको आधारमा प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद हुने फैसला गरी मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १५ वर्ष कैद गर्ने राय व्यक्त भएको सुरू जिल्ला अदालतको फैसला सदर हुने गरी मृतक र प्रतिवादीहरूले मादकपदार्थ सेवन गरी सँगै जाँदा, भिरको बाटोमा घटना भएको देखिँदा प्रतिवादीद्वयलाई जन्मकैदको सजाय गर्दा चर्कोपर्ने भएकोले घटनास्थल, घटनाको प्रकृति र परिस्थितिसमेतलाई दृष्टिगत गर्दा प्रतिवादीद्वयलाई जनही ५ वर्ष कैद सजाय हुने गरी राय व्यक्त गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७१।३।१६ मा भएको फैसला मिलेकै देखिन आउने।

प्रतिवादीमध्ये रणबहादुर बुढाको मिति २०७२।५।११ गते मृत्यु भइसकेको भनी पाछावाङ गाउँ विकास समिति, रोल्पाको मिति २०७२।५।२१ को पेस हुन आएको मृत्यु दर्ता प्रमाणपत्रबाट देखिएकाले अदालती बन्दोबस्तको १७६ नं. ले निजको हकमा केही गरिरहनु परेन। अर्का प्रतिवादी आईतराम भन्ने आईते वलीको हकमा जन्मकैदको सजाय गरी अ.बं. १८८ नं.ले ५ वर्ष कैद गर्ने भनी राय व्यक्त भएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७१।३।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।
इजलास अधिकृतः तिर्थराज भट्ट
कम्प्युटर: सुदर्शनप्रसाद आचार्य
इति संवत् २०७२ साल चैत १९ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-०२८७, ०७१-CR-०६८२, कर्तव्य ज्यान / जबर्जस्ती चोरी, भीमबहादुर चलाउने *वि. नेपाल सरकार, नेपाल सरकार वि. भीमबहादुर चलाउनेसमेत*

मृत्युको कारण नखुलेको अवस्थामा

शङ्का र अनुमानको भरमा कसुर कायम गरेको भन्ने पुनरावेदकको जिकिर रहेको सन्दर्भमा हेर्दा वारदात भएको ३।४ दिनपछि मिति २०६८।२।१० मा लास जङ्गलमा भेटिएको भन्ने घटनास्थल प्रकृति मुचुल्काबाट देखिन्छ । मृतकको अनुहार कुच्चिएको एवम् छाती, गालालगायतका शरीरको विभिन्न भागमा चोट लागेको अवस्थामा त्यस्तो घाउ चोट र जेठ महिनाको चर्को तापक्रमबाट रहन जाने प्रभावका कारण लास सडी गली जाने स्थिति रहने भएकोले मृत्युको कारण नखुलेको अवस्थामा शङ्का र अनुमानको भरमा कसुर कायम गरेको भन्ने पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

पुनरावेदक प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसँगको बयानलाई घटनाको प्रकृति र सिलसिलाले पुष्टि गरेको अवस्थामा अदालतको इन्कारी बयानलाई मात्र कसुरजन्य कार्य नगरेको भन्ने यथेष्ट प्रमाणको रूपमा लिन मिल्ने देखिँदैन। घटनाका बारेमा स्पष्टरूपमा उल्लेख गर्ने मृतककी बहिनी, प्रतिवादी झनकबहादुर पुनकी श्रीमती कौशिला पुन र स्वयम् मृतककी पत्नी लक्ष्मी चलाउनेसमेतका व्यक्तिहरूको कथनबाट यी पुनरावेदक प्रतिवादी भीमबहादुर चलाउनेले दाजुसँगको अंशसम्बन्धी रिसइवीका कारण परिस्थिति र परिणामको पूर्व जानकारीकासाथ सह अभियुक्त झनकबहादुर पुनको सहयोगमा प्रेमबहादुर चलाउनेको कर्तव्य गरी अभियोग दाबीबमोजिमको कसुर गरेको तथ्य पुष्टि हुन आएकोले निजले लिएको निर्दोषिताको जिकिर पुग्न सक्ने अवस्था नदेखिने।

प्रतिवादी झनकबहादुर पुन मगरका हकमा विचार गर्दा निजको मौकाको बयान व्यहोराबाट मृतकसँगै बसी रक्सी सेवन गरेको र मृतकलाई जङ्गलमा पुर्‍याउने कार्य गरी वारदातस्थलमा हेरी बसेको भन्ने देखिन आउँछ । मौकामा कागज गर्ने व्यक्तिहरूको कथन एवम् मिसिल संलग्न अन्य प्रमाण कागजहरूबाट समेत निज पुनरावेदक प्रतिवादी भीमबहादुरको मत सल्लाहमा पसेको तर मार्नलाई हात छोडेको भन्ने देखिन नआएकोले निजको उक्त कार्य वारदातको सहयोगीसम्म रहेको भन्ने पुष्टि हुन आउँछ। चोरीतर्फको अभियोग दाबीतर्फ हेर्दा प्रतिवादी झनकबहादुर पुनको घरबाट रू. ५,८६५।- बरामद भएको भनी अभियोगपत्रमा उल्लेख भएको र बरामदी मुचुल्काबाट रू. ९,०६५।- बरामद भएको भन्ने देखिन आएकोले चोरी भएको रकम र बरामद भएको भनिएको रकम यकिन हुन सकेको दखिएन । प्रतिवादीहरूले मौकामा र अदालतमा बयान गर्दा चोरी गरेको तथ्यमा इन्कार रही बयान गरेको पाइन्छ । यसका अतिरिक्त मिसिल संलग्न रहेका अन्य कागज प्रमाणहरूबाटसमेत चोरी भएको तथ्य पुष्टि हुन आएको नदेखिएकोले पुनरावेदन अदालतको फैसला मनासिब नै देखिन आउने।

माथि विवेचित आधारबाट पुनरावेदक प्रतिवादी भीमबहादुर चलाउनेलाई मुलुकी ऐन, ज्यानसम्बन्धी को १३(३) नं. बमोजिम सर्वश्वसहित जन्म कैदको सजाय हुने ठहर गरेको सुरू अदालतको फैसला सदर गरी प्रतिवादी झनकबहादुर पुनलाई सुरू अदालतबाट ऐ.ऐनको १३(४) नं. बमोजिम जन्मकैद हुने ठहर गरेको फैसला केही उल्टी गरी ऐ. महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय हुने र चोरीतर्फको वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६९।१२।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी भिमबहादुर चलाउनेलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय भएकोमा प्रस्तुत मुद्दाको वारदातको अवस्था र प्रकृति हेर्दा मृतक स्वयम्ले मर्नुअगाडि उठाएको विवादको जरियाबाट आफूसमेतले प्रतिवादीहरूसँगै बसी रक्सी खाएको अवस्था देखिन्छ । आफूसमेत रक्सीले मात्तिएको अवस्थामा प्रतिवादीहरूले मृतकलाई एकान्त जङ्गलमा पुर्‍याएको देखिन्छ । मृतकलाई मार्नुपर्ने पूर्वयोजना रहेको

भन्नेसमेत देखिँदैन । मृतकउपर कुनै साङ्घातिक हतियारको प्रयोग भएको पनि देखिँदैन । नसाको सुरमा साधारण ढुङ्गाले प्रहार गरी प्रेमबहादुर चलाउनेको मृत्यु भएको अवस्था देखिएकोले पुनरावेदक प्रतिवादी भीमबहादुर चलाउनेलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने हुँदा अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुन मनासिब देखिएकाले पुनरावेदक प्रतिवादी भीमबहादुर चलाउनेलाई दश वर्ष कैद हुने ठहर्छ । पुनरावेदक प्रतिवादी भीमबहादुर चलाउने र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: दिलीपराज पन्त
कम्प्युटर: विकेश गुरागाई
संवत् २०७२ साल माघ २० गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०९०७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दिवबहादुर आले*

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं.मा ज्यान लिने इबिलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई मानिस मर्न गएको भवितव्य ठहर्छ भन्ने उल्लेख छ । यस नं. अनुसार भवितव्यको घटनामा फौजदारी अपराधमा हुने आपराधिक तत्त्वमध्येको महत्त्पूर्ण तत्त्व मनसायको अभाव रहेको हुन्छ । आफूले गरेको कामबाट मानिस मर्न सक्छ भन्ने परिणामको ज्ञान यसमा हुँदैन । यस्तो कार्य आपराधिक मनसाय र ज्ञानले गरिएको थिएन सो कार्य दुर्घटना थियो भन्ने कुरा पक्षले बुझेको हुन्छ । यस अवस्थामा अचानक कुनै वस्तु मानिसउपर लाग्न गई मानिसको मृत्यु भएको स्थितिमा भवितव्य ठहर्ने हुँदा यस वारदातमा मृतकले प्रतिवादीलाई समाउने क्रममा निज भाग्दै गर्दा अगाडि भेट्टाएको दाउरा हेल्चेक्रयाईपूर्वक पछाडि फाल्ने क्रममा बाबुलाई लाग्न गई भवितव्य पर्न गएको देखिने ।

मुलुकी ऐन, ज्यानसम्बन्धीको ६ नं.मा एउटा कामको लागि सावधानीपूर्वक हातहतियार उठाएकोमा केही व्यहोराले अरूलाई लाग्न गएको वा होस नपुर्‍याई वा हेल्चेक्रयाइँ गरी कुनै काम गर्दा भवितव्य परेको वा रक्षा शिक्षा गर्दा भवितव्य परेको अवस्थामा मात्र उक्त नं. अनुसार सजाय हुने उल्लेख छ । प्रस्तुत वारदातमा मृतकसमेतले प्रतिवादीलाई समाउने क्रममा निज भाग्दै गर्दा अगाडि भेट्टाएको दाउरा हेल्चेक्रयाइँपूर्वक पछाडि फाल्ने क्रममा बाबुलाई लाग्न गई सोही चोटको कारण मृतकको उपचार गरी घरमा ल्याएपछि मृत्यु भएको देखिएको छ । प्रतिवादीले होस नपुर्‍याई हेलचेक्रयाइँ सम्म गरी आफू बच्न उम्कन दाउराले हान्दा मृतकको मृत्यु भएको अवस्था देखिएको छ । प्रतिवादीको सो कार्य हेल्चेक्रयाइँ गरी भएको भन्ने देखिएकोले वारदातको स्थितिबाट निजको कसुर भवितव्यअन्तर्गत पर्ने देखिन्छ । प्रस्तुत मुद्दामा वारदातको प्रकृति हेर्दा मुलकी ऐनको ज्यानसम्बन्धीको महलको ६ नं. मा उल्लेख भएको अवस्थाको विद्यमानता देखिएकोले यो दफा आकर्षित हुने देखिन आउने ।

माथि विवेचित आधार कारणहरू समेतबाट प्रतिवादी दिवबहादुर आलेले मृतक बाबुलाई मार्ने नियतले दाउरा प्रहार गरेको नभई भाग्ने क्रममा अगाडि रहेको दाउरा हेल्चेक्रयाइँपूर्वक फाल्दा मृतक बाबुको टाउकोमा लाग्न गई मृत्यु भएको देखिँदा प्रतिवादी दिवबहादुर आलेले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ६ नं. को कसुर गरेको देखिन आएकोले निजलाई ऐजन ६ नं. देहाय २ नं. बमोजिम सजाय हुने देखिँदा प्रतिवादी दिवबहादुर आलेलाई ज्यानसम्बन्धीको महलको १४ नं. अनुसार १० वर्षको कैद सजाय हुने ठहर्‍याई पाल्पा जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी प्रतिवादी दिवबहादुर आलेलाई मुलुकी ऐन, ज्यानसम्बन्धी**को** महलको ६ नं. को देहाय २ नं. बमोजिम २ वर्ष कैद सजाय हुने ठहर्‍याई पुनरावेदन अदालत, बुटवलबाट

मिति २०६९।४।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७२ साल मङ्सिर १४ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-१०८५, भ्रष्टाचार / नक्कली प्रमाणपत्र, *नेपाल सरकार वि. रमेश कार्की*

मिसिल संलग्न शिक्षाध्यक्षको कार्यालय, पाठ्यक्रम विकास केन्द्रको पत्र सङ्ख्या ६१६, मिति २०७०।०५।१४ को पत्रसाथ Bhupendra Narayan Mandal, University को पत्र सङ्ख्या 984/13, Dated: 07/08/2013 को पत्रमा "As per your request, we re-verified in our letter No. Exam/c-10/13 dated 02/01/2013 that Mr. Ramesh Karki, Roll No. 11856, Registration No.55811 did pass DP iii (H) Pol.Sc. Examination from B. N.M.U. held in the year 1994 in second division ...." भन्ने व्यहोरा उल्लेख भई आएको देखिएकोले प्रत्यर्थी प्रतिवादीले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको देखिन नआउने।

उल्लिखित आधार र कारणहरूबाट प्रत्यर्थी प्रतिवादीले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको सम्बन्धमा त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय, कीर्तिपुर, काठमाडौंको पत्रसाथ संलग्न बि.एन.मण्डल विश्वविद्यालय बिहार भारतको सन् ०७।०८।२०१३ को पत्रबाट प्रत्यर्थी प्रतिवादी रमेश कार्कीले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्र सक्कली नै हो भन्ने देखिएकोले प्रत्यर्थी रमेश कार्कीले सफाई पाउने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०७०।०७।०३ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त
कम्प्युटर: गीता घिमिरे
इति संवत् २०७२ साल मङ्सिर १३ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-००२१, ०१५८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुरज भन्ने समिर सुनारसमेत, सचिन रम्तेल वि. नेपाल सरकार*

मौकामा कागज गर्ने तथा घटनाको प्रत्यक्षदर्शी गुन्दबहादुर मगरको मृतक बलबहादुरलाई प्रतिवादीले रड र फल्याकले हान्दा मृतकको अस्पतालमा उपचारको क्रममा मृत्यु भएको भन्ने भनाइ, पुनरावेदक प्रतिवादी सचिन रम्तेलको कोठाबाट बरामद भएको, रगत लागेको अवस्थामा रहेको, मृतकलाई प्रहार गरेको भनेको काठको कडी तथा रगत लागेको कपडा, पुनरावेदक प्रतिवादीको सनाखत कागज तथा मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा Blunt Force Head Injuries भनी उल्लेख गरिएकोसमेतका आधार प्रमाणबाट पुष्टि भइराखेको अवस्थामा निज पुनरावेदक प्रतिवादी सचिन रम्तेलले मृतक बलबहादुर नेपालीलाई काठको कडीले टाउकोमा प्रहार गरेकोमा सोही चोटपिरको कारण निजको मृत्यु भएको पुष्टि हुन आएको देखिँदा पुनरावेदक प्रतिवादी सचिन रम्तेलको हकमा पुनरावेदन अदालत, पाटनबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रत्यर्थी प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा आफूहरू प्रतिवादी सचिन रम्तेलसँगै वारदातस्थलमा रही मृतकलाई कुटपिट गरेको भनी कसुरमा साबित रहे तापनि अदालतको बयानमा प्रत्यर्थी प्रतिवादी समीर सुनुवार वारदात हुनुअगाडि नै हिँडिसकेको भनी कुटपिटमा संलग्न रहेको तथ्यलाई इन्कार गरेको पाइन्छ भने अर्का प्रतिवादी सानुभाई मिजार वारदातस्थलमा उपस्थित रहे तापनि मृतकलाई कुटपिट भने नगरेको भनी लेखाई

दिएको देखिन्छ भने उक्त तथ्य पुनरावेदक प्रतिवादी सचिन रम्तेलको बयानको व्यहोराबाट समेत समर्थित भएको देखिन्छ। बुझिएका व्यक्ति विजय रपाल वि.क.को बकपत्रबाट निजहरू वारदातस्थलमा उपस्थित भएको देखिए तापनि निजहरूले मृतकउपर चोट प्रहार गरेको भन्ने ठोस आधार प्रमाणबाट देखिएको अवस्थासमेत नहुँदा यी दुवै जना प्रतिवादीहरू कसुरमा मतलबीसम्म भई वारदातस्थलमा उपस्थितसम्म रहेको देखिन आएको देखिँदा निजहरू को हकमा समेत सुरु फैसला सदर हुने गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेकै देखिने।

पुनरावेदक प्रतिवादी सचिन रम्तेललाई मुलुकी ऐन, ज्यानसम्बन्धी**को** महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहरी प्रतिवादी तथा मृतकको बिचमा मार्नुपर्नेसम्मको पूर्व रिसइवी नरहेको तथा योजनाबद्ध ढङ्गले कुटपिट गरेको अवस्था नदेखिई रक्सीको नसामा तत्काल विवाद भई मृतक बलबहादुर नेपालीले पुनरावेदक प्रतिवादीउपर प्रहार गरेको काठको कडी खोसी मृतकलाई प्रहार गर्दा सोही चोटपिरको कारण निजको मृत्यु भएको अवस्थालाई विचार गर्दा पुनरावेदक प्रतिवादी सचिन रम्तेललाई ऐनबमोजिमको सजाय गर्दा चर्कोपर्ने देखिँदा मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १० (दश) सजाय गर्ने गरी र प्रत्यर्थी प्रतिवादीहरू समिर सुनुवार र सानुभाई मिजारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी**को** महलको १७ (३) नं. बमोजिम जनही कैद वर्ष ३ (तीन) सजाय गरी भएको सुरू फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।८।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादी सचिन रम्तेल र पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत् २०७२ साल माघ १४ गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०५२२, ०५२८, अपहरण तथा शरीर बन्धक, जबरजस्ती चोरी, *विरू थामी वि. नेपाल सरकार, विकास शेर्पा वि. नेपाल सरकार*

वस्तुस्थिति मुचुल्काका मानिस पार्वती तामाङ, शिवहरी लामिछानेले समेत अदालतमा आई वस्तुस्थितिमा लेखी लेखाइएको व्यहोरा ठिक साँचो हो भनी बकपत्र गरेको देखिन्छ। जाहेरवाली सिता तामाङ तथा फुलमाया तामाङसमेतले अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भनी बकपत्र गरेका छन्। किटानी जाहेरी व्यहोरा, बरामदी मुचुल्का, वस्तुस्थिति मुचुल्का, प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको बयानसमेतका आधारमा यी प्रतिवादीहरूले पीडितलाई अपहरण गरी बन्धक बनाएको देखिन आयो। यसअनुसार मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १ नं. को कसुर गरेको हुँदा ऐजनको ३ नं. बमोजिम सजाय हुनुका साथै दफा ७ र ९ नं. बमोजिम थप सजायसमेत हुने देखिन आयो। प्रतिवादीहरूले पीडितको सुनका गहना तथा मोबाइल फोनसमेत लिएको भनी बयानमा स्वीकारसमेत गरेको देखिँदा मुलुकी ऐन, चोरीको महलको १ र ४ नं. को कसुर गरेको देखिएकोले ऐजनको १४(२) नं. बमोजिम सजाय गरी ऐजनको १० नं. बमोजिम प्रतिवादीबाट भराई पाउने नै देखिन आयो। पुनरावेदक प्रतिवादीहरूले विभिन्न परिस्थितिमा परी अपहरण गरेको भनी पुनरावेदन जिकिर लिएकोमा सोको आधारमा मात्र कानूनविपरीतको कसुर अपराधबाट छुटकारा दिन मिल्ने नदेखिने।

प्रतिवादीहरू विरू थामी र विकास शेर्पाले जाहेरवाला सिता तामाङ र फुलमाया तामाङलाई अपहरण गरी ३ दिनसम्म बन्धक बनाई निजहरूबाट १४ लाख रूपैयाँ फिरौती माग गरी निजहरूले लगाएका गहना र मोबाइलसमेत लिएको देखिएकोले निजहरूको

उक्त कार्य मुलुकी ऐन, अपहरण तथा शरीरबन्धक लिनेको महलको १ नं. विपरीतको कसुर हुँदा ऐजनको ३ नं. बमोजिम अन्य उद्देश्यले अपहरण गरेको देखिँदा जनही ७ वर्ष कैद र रू.५०,०००।– जरिवाना र ऐजनको ७ र ९ नं. ले जनही थप ४ वर्ष कैद एवम् चोरीको महलको ४ नं.को विपरीत जबर्जस्ती चोरी गरेकोले प्रतिवादीहरूलाई ऐजनको दफा १४(२) बमोजिम सजाय हुने देखिएकोले प्रतिवादीहरू विरू थामी र विकास शेर्पाले जाहेरवालाहरूको रू.३६,०००।– को गहना तथा मोबाइल चोरी गरेकोले जनही १ महिना १५ दिन कैद र प्रतिवादीहरूले लगेको रू.३६,०००।– बिगोको डेढी जनही रू.५४,०००।- जरिवाना र जाहेरवालाहरूको बिगो भराई दिने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।११।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७२ साल कात्तिक १९ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०४१७, ०७१-CR-०२९५, ०७१-RC-०१०९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजकुमार श्रेष्ठसमेत, संजयकुमार दमाई भन्ने सन्जे दमाई (परियार) वि. नेपाल सरकार, नेपाल सरकार वि. राजकुमार श्रेष्ठ*

प्रतिवादी राजकुमार श्रेष्ठले मृतक जगतबहादुर कुँवरलाई हत्या गर्नको लागि योजना षड्यन्त्र गरी रक्सीमा बेहोस हुने औषधी हाली खुवाई बेहोस बनाई वारदातस्थल जङ्गल एरियामा गाडी पुर्‍याई लगी गाडीबाट निकाली झाडीमा फाली धारिलो वस्तुले टाउकोमा हानी मार्न घटनास्थलमा गई संयोग पारी दिएको देखिन्छ । निजको सो कार्य ज्यानसम्बन्धीको महलको १ नं. र १३(४) नं. विपरीतको कसुर गरेको देखिएकोले निज प्रतिवादी राजकुमार श्रेष्ठलाई ज्यानसम्बन्धी**को** महलको १३(४) नं. अनुसार जन्मकैद सजाय हुने नै देखिन आउने ।

विवेचित आधार एवम् कारणहरूसमेतबाट प्रतिवादी राजकुमार श्रेष्ठले मृतक जगतबहादुर कुँवरलाई हत्या गर्नको लागि योजना षड्यन्त्र गरी रक्सीमा बेहोस हुने औषधी हाली खुवाई बेहोस बनाई वारदातस्थल जङ्गल एरियामा गाडी पुर्‍याई लगी गाडीबाट निकाली झाडीमा फाली ढुंगाले टाउकोमा हानी मारेको घटनास्थलमा गई मार्नमा संयोग पारी दिएको देखिएकोले निजको सो कार्य ज्यानसम्बन्धीको महलको १ नं. र १३(४) नं. को कसुर गरेको देखिएकोले प्रतिवादी राजकुमार श्रेष्ठलाई ज्यानसम्बन्धीको महलको १३(४) नं. अनुसार जन्म कैद सजाय हुने ठहर्‍याएको सुरु जिल्ला अदालतको फैसला सदर गरेको मिति २०६९।२।९ मा भएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

प्रतिवादी संजयकुमार दमाई र सुरेश गोपालीले मृतक चालक जगतबहादुर कुँवरलाई हत्या गर्न प्रत्यक्ष संलग्न भएको नदेखिएको तर चालक जगतबहादुर कुँवरलाई हत्या गर्न मुख्य भई षड्यन्त्र गरेको देखिएकोले निज प्रतिवादीहरूको कार्य ज्यानसम्बन्धीको महलको १६ नं. बमोजिमको कसुर गरेको देखिन आएकोले निज प्रतिवादीहरू संजयकुमार दमाई र सुरेश गोपालीलाई ऐजनको १६ नं. बमोजिम जनही १५(पन्ध्र) वर्ष कैद गर्ने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।२।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने र प्रतिवादी राजकुमार श्रेष्ठले ज्यानसम्बन्धीको महलको १ नं. र १३(४) नं. विपरीतको कसुर गरेको देखिएकोले निज राजकुमार श्रेष्ठलाई ऐ ऐनको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत,

पाटनबाट मिति २०६९।२।९ मा भएको फैसला प्रतिवादी राजकुमार श्रेष्ठको हकमा साधक सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने र प्रतिवादी सन्जे दमाई भन्ने सन्जयकुमार परियारको पूर्णरूपमा सफाइ पाउँ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल कार्तिक १९ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०५७१, ०७१२, खुन डाँका, *नेपाल सरकार वि. रामकेश केवटसमेत, अनिल सुनारसमेत वि. नेपाल सरकार*

प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्ष कसुर अपराधमा इन्कार रही बयान गरेको पाइन्छ । साथै प्रतिवादीहरूले मृतकलाई मार्नमा आफ्नो संलग्नता नरहेको भनी कसुरमा इन्कार रही अदालतसमक्ष समेत बयान गरेको देखिन्छ । उल्लिखित वारदातमा यी प्रतिवादीहरूको संलग्नता रहेको भन्ने वस्तुनिष्ठ आधार वादी पक्षले पेस गर्न सकेको नदेखिएकोले अनुमान र शंकाको भरमा प्रस्तुत वारदातमा यी प्रतिवादीको संलग्नता रहेको भनी मान्न मिल्ने देखिन आएन । फौजदारी अपराधमा कसुर स्थापित हुन शंकारहित तबरबाट प्रतिवादीहरूको संलग्नता रहेको पुष्टि हुनुपर्ने हुन्छ । यी प्रतिवादीहरूको मृतकसँग कुनै रिसइवी झै-झगडासमेत नरहेको अवस्थामा मृतकलाई मार्नुपर्नेसम्मको अवस्था नदेखिएको प्रस्तुत वारदातमा यी प्रतिवादीहरूको संलग्नता रहेको देखिन नआउने ।

प्रथम जाहेरीबाट प्रतिवादीहरूको यकिन नभएको, दोस्रो जाहेरीमा मात्र प्रतिवादीहरूउपर जाहेरवालाले किटानी जाहेरी गर्नुपर्ने कारण नखुलाएका, चोट पटक लागेका पीडितहरूले समेत मौकामा पोल नगरेको, प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दा इन्कार रहेको, दशी प्रमाणका साथै प्रहार गरेको हतियार भनेको बञ्चरोसमेत बरामद नभएको, पोल गर्ने वादी नेपाल सरकारका गवाह मृतकको परिवारभित्रका सदस्यहरू भएका र अन्य स्वतन्त्र प्रमाणहरूबाट यी प्रतिवादीहरूले हत्या र डकैती गरेको भन्ने पुष्टि नभएको हुँदा प्रतिवादी अनिलकुमार सुनारले ज्यानसम्बन्धीको महलको १३(१) नं. को कसुर गरेको देखिन नआएकोले निजलाई ऐ. को १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गरेको मिलेको देखिएन । त्यस्तै अन्य प्रतिवादीहरूलाई समेत ज्यानसम्बन्धीको महलको १३(४) नं. को कसुरमा ऐ. को १३(४) नं. अनुसार जन्मकैद गरेको मिलेको देखिएन । तसर्थ माथि विवेचित आधार एवम् कारणरहरूसमेतबाट मृतक मेगबहादुर छन्तेललाई यी प्रतिवादीहरूले मारेको भन्ने खम्बिर प्रमाण वादी पक्षले गुजार्न सकेको नदेखिँदा शंका र अनुमानको आधारमा प्रतिवादीहरूलाई दोषी करार गर्नु फौजदारी न्यायको सिद्धान्त तथा प्रतिपादित सिद्धान्तसमेतको विपरीत हुन जाने हुँदा प्रतिवादीमध्येका अनिलकुमार सुनारलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्म कैद र अन्य प्रतिवादीहरू रामकेस केवट, अमेरीका केवट, जितु भन्ने जितेन्द्र बस्नेत सुनार, समरबहादुर सुनार, पदमबहादुर सुनारलाई ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम जन्मकैद हुने ठहर्‍याएको जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।२।११ को फैसला मिलेको नदेखिँदा उल्टी भई अभियोग दाबीबाट प्रतिवादीहरू अनिलकुमार सुनार, रामकेश केवट, अमेरिका केवट, समरबहादुर सुनार, पदमबहादुर सुनार र जितु भन्ने जितेन्द्र बस्नेत सुनारले सफाई पाउने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल मङ्सिर १६ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-१३०७, कर्तव्य ज्यान, *सर्जने साउद वि. नेपाल सरकार*

प्रतिवादीले कसुर गरेकोमा अनुसन्धान अधिकारी एवम् अदालतमा साबित रही बयान व्यहोरा लेखाएको अवस्थासमेतका आधारबाट प्रतिवादीको बयान, प्रतिवादीउपरको किटानी जाहेरी व्यहोरा, जाहेरी व्यहोरालाई समर्थन हुने गरी जाहेरवालीले गरिदिएको बकपत्रसमेतका आधार प्रमाणबाट प्रतिवादीको कर्तव्यबाट घटना घट्न गएको तथ्य पुष्टि भइरहेको छ। प्रतिवादीले मृतकले घाँटीमा बेल्टले कसी च्यापेको अवस्थामा आफूलाई बचाउने प्रयासस्वरूप मृतकलाई २ थप्पड हानेको र सो विषयलाई लिएर दुवै पक्षको बिच भनाभन एवम् दोहोरो कुटपिटको वारदात सिर्जना भएको देखिन्छ । यी पुनरावेदक प्रतिवादीले तत्काल उठेको रिस थाम्न नसकेको कारणले नै मृतकलाई हानेको देखिन आएको छ । यससम्बन्धी कानूनी व्यवस्था हेर्दा मुलकी ऐनको ज्यानसम्बन्धी**को** महलको १४ नं. मा ज्यान मार्नाको कुनै मनसाय रहेनछ, ज्यान मार्नेसम्मको कुनै मनसाय पनि नभएको, ज्यान लिनुपर्नेसम्मको इबी पनि रहेनछ, लुकी चोरीकन पनि हानेको रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लातमुक्का इत्यादिले हान्दा सोही चोटपिरले ऐनका म्यादभित्र ज्यान मरेमा १० वर्ष कैद गर्नुपर्छ भन्ने उल्लेख छ। प्रस्तुत वारदातमा मृतकले प्रतिवादीलाई घाँटीमा बेल्टले बाँधेको कारणबाट प्रतिवादी र मृतकबिच कुटपिट हुन गएको सोही कारणबाट तत्कालै उठेको रिस थाम्न नसकी मुक्काले हानेको कारणबाट मृतकको मृत्यु हुन गएको देखिएकोले ज्यानसम्बन्धी**को** महलको १४ नं. आकर्षित हुने देखिन आउने।

प्रतिवादी सर्जने साउदले मुलुकी ऐन, ज्यानसम्बन्धी**को** महलको १४ नं. को कसुर गरेको देखिएकोले निज प्रतिवादीलाई ऐ. १४ नं. अनुसार १० दश वर्ष कैद गर्ने गरी भएको कैलाली जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०६७।११।३० गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल मङ्सिर १६ गते रोज ४ शुभम्।

११

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०१९५, कर्तव्य ज्यान, *नारायणप्रसाद कुमाल वि. नेपाल सरकार*

प्रस्तुत वारदातमा मृतकले स्वीटर चोरेको भन्ने प्रतिवादीले थाहा पाएको र प्रतिवादीलाई सोही कारणबाट तत्कालै उठेको रिस थाम्न नसकी छेकल दाउराले टाउकोमा प्रहार गरेको देखिएको छ। मृतक र प्रतिवादीबिचको सम्बन्ध राम्रो रहेको, प्रतिवादीको रिक्सा मृतकले चलाएको कारण दुवै पक्षबिच रिसइवी झैझगडा भई मार्नुपर्नेसम्मको रिसइवी रहे भएको नदेखिएको, ज्यान मार्ने उद्देश्यले प्रतिवादीले पूर्वतयारी गरी प्रहार गरेको नभई जन्मदिनको उपहारस्वरूप श्रीमतीलाई किनेर ल्याई दिएको स्वीटर मृतकले चोरी गरी रिक्सामा लुकाई राखेको देखी तत्काल उठेको रिस थाम्न नसकी छेकल दाउराले टाउकोमा प्रहार गरेको कारण मृत्यु भएको स्थिति भएकोले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. आकर्षित हुने।

विवेचित आधार कारण एवम् कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तसमेतको आधारमा यी पुनरावेदक प्रतिवादी नारायणप्रसाद कुमालले जन्मदिनको दिन आफ्नी श्रीमतीलाई उपहार दिन किनी ल्याएको स्वीटर रिक्सामा लुकाएको देखी तत्काल उठेको रिस थाम्न नसकी नजिकै रहेको छेकल दाउराले मृतकको टाउकोमा प्रहार गर्दा सोही चोटका कारण कान्छा नेवारको मृत्यु भएबाट प्रतिवादी आवेशमा

आई मृतकको हत्या गरेको देखिएकोले मुलुकी ऐन, ज्यानसम्बन्धी**को** महलको १४ नं. को कसुर गरेको देखिएकोले सुरू जिल्ला अदालतबाट प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहर्‍याएको फैसला केही उल्टी गरी प्रतिवादी नारायणप्रसाद कुमाललाई ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० दस वर्ष कैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०६९।१।३१ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल कात्तिक १९ गते रोज ५ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोपाल पराजुली,** ०६७-CR-०८८३, ०८८४, १०३१, कर्तव्य ज्यान, *महेश बोहरासमेत वि. नेपाल सरकार, वीरेन्द्र लुहारसमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. विरेन्द्र लुहारसमेत*

प्रतिवादीहरूले घटनास्थलमा गएको तथ्यलाई अदालतमा बयान गर्दासमेत स्वीकार गरेका र कुटपिटको कारण नै मृतकको मृत्यु भएको भन्ने मृतकको शरीरमा देखिएका घाउचोटबाट स्थापित भएको पाइन्छ । अनुसन्धानको सिलसिलामा कागज गर्दा कुटपिट गरेको कसुरजन्य तथ्यमा साबित भएको हुँदा कर्तव्य ज्यान जस्तो अपराधमा वाई.सि.यल नामको सङ्गठनउपर दोषारोपण गरेको कुरालाई सहज मानी अपराधबाट उन्मुक्ति दिन पनि उचित हुँदैन । मृतक सिन्धु खडायतलाई कुटपिट गर्ने कार्यमा घटनास्थल वरिपरिका यी पुनरावेदकहरूसमेतका व्यक्तिहरू संलग्न रहेको तथ्य घटना प्रकृतिबाट स्वाभाविकरूपमा देखिन आउने ।

प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान, लासजाँच मुचुल्का र घटना हुँदाको तत्कालको परिवेशबाट समर्थित भएको पाइँदा प्रतिवादीहरू महेश बोहरा, लालमनि बोहरा, मनोज लुहार भानबहादुर बोहरा र वीरेन्द्र लुहारको कुटपिटको कारण मृतक सिन्धु खडायतको मृत्यु हुन पुगेको देखिएकोले निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार सजाय गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला मिलेको छैन भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरू विक्रम बोहरा, केशव बोहरा, दीपक बोहरा, किसन लुहार, मुकेश बोहरा, पुन्टे लोहार, गोकुलबहादुर बोहरा र पुष्कर बोहरालाई सफाइ दिएको तथा अन्य कसुर ठहर भएका भानबहादुर बोहरासमेतलाई लास दबाएतर्फ मुलुकी ऐन, ज्यानसम्बन्धीको ४ नं. बमोजिम थप सजाय नगरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा यी प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष बयान गर्दा आफूहरू मृतक सिन्धु खडायतलाई कुटपिट गरिरहेको स्थानमा के भएको रहेछ भनी हेर्नसम्म गएको हो । हामीहरूले कुटपिट गरेका होइनौं भनी कसुरमा पूर्ण इन्कार रही बयान गरेको पाइन्छ। कसुर ठहर भएका अन्य प्रतिवादीहरूले मौकामा बयान गर्दा यिनीहरूमाथि पोल गरे तापनि अन्य प्रत्यक्षदर्शी एवम् वस्तुनिष्ठ स्वन्तन्त्र प्रमाणबाट यिनीहरूउपरको अभियोग प्रमाणित हुन सकेको देखिँदैन । गाउँ घरमा घटना घटी मानिसहरू जम्मा भएको ठाउँमा जानु र सो ठाउँमा के रहेछ भनी बुझ्नु पनि स्वाभाविक नै हुन जान्छ । आफ्नो गाउँ ठाउँको घटनास्थलमा उपस्थित भएकै आधारमा अन्य प्रतिवादी सरह समानरूपमा कुटपिटमा संलग्न रहेछन् भनी मान्न उपयुक्त र न्यायोचित नहुने हुँदा पुनरावेदन

अदालत, महेन्द्रनगरबाट मुकेश बोहरासमेतका माथि उल्लिखित प्रतिवादीहरूलाई सफाइ दिएको मिलेन भन्ने वादी नेपाल सरकारको अभियोग दाबी र पुनरावेदन जिकिर न्यायोचित रहेको नपाइने।

प्रतिवादीहरूले लास नदीमा फालेको कसैले देखेको छैन । लास नदीमा लगी फालेको तथ्यमा मौकामा बयान गर्दासमेत साबित रहेको देखिँदैन । लास नदीमा फालेको देख्ने प्रत्यक्षदर्शी कोही नरहेको र कुटपिट भएको २ दिनपछि नजिकै रहेको नदीमा लास रहेको स्थिति छ। बिनाआधार बिनाप्रमाण लास दबाउने छिपाउने उद्देश्यले नदीमा फालेको हो भनी मान्न नमिल्ने हुँदा प्रतिवादीहरू महेश बोहरा, लालमनी बोहरा, मनोज लुहार, वीरेन्द्र लुहार र भानबहादुर बोहरालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ४ नं. बमोजिम थप सजाय नगरेको पुनरावेदन अदालतको फैसला मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसमेत पुग्न नसक्ने।

प्रतिवादीहरूको मृतकसँग पूर्व रिसइवी चिनजान रहेको देखिँदैन । मृतकले मादक पदार्थ सेवन गरी तीव्र गतिमा जिप चलाएको कारण कुटपिट हुन पुगेको देखिन्छ। वारदातस्थलमा यी प्रतिवादीका साथै अन्य मानिसहरूको पनि भिड जम्मा भएको देखिन्छ । भिडभाडको वारदात भई यो यसैको यस्तो लाठी ढुङ्गाको प्रहारको कारण मृतकको मृत्यु हुन पुगेको वस्तुनिष्ठ एवम् प्रत्यक्षदर्शी प्रमाण अनुसन्धानबाट खुल्न सकेको छैन । घटना हुँदाका समयमा प्रतिवादीहरू पाँचैजनाको उमेर १६ देखि १७ वर्षको रहेको देखिन्छ । उमेरजन्य स्थितिले प्रतिवादीहरू सबै अल्लारे उमेरका भई होहल्लाका पछि लाग्दै जाँदा तत्कालको सामान्य कुटपिटको विवादबाट मृतकको मृत्यु हुन पुगेको देखिन आउँछ। पढाइ लेखाइ गरी भविष्यको जग पहिल्याउने प्रतिवादीहरूको उमेर र घटनाको प्रकृतिबाट निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार जन्मकैद सजाय गर्दा चर्को पर्न जाने भएको हुँदा निजहरूलाई अ.बं.१८८ नं. बमोजिम ५ वर्ष मात्र सजाय गर्न व्यक्त गरिएको सुरू एवम् पुनरावेदन अदालतको रायसमेत उपयुक्त रहेको देखिने।

तसर्थ, माथि उल्लिखित आधार कारणबाट प्रतिवादीहरू विरेन्द्र लुहार, मनोज लुहार, भानबहादुर बोहरा, महेश बोहरा र लालमनी बोहरासमेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्म कैद गरी अ.बं.१८८ नं. अनुरूप पाँच वर्ष मात्र सजाय गर्न व्यक्त गरेको राय तथा अन्य प्रतिवादीहरू मुकेश बोहरा, केशव बोहरा, पुन्टे लुहार, दीपक बोहरा, विक्रम बोहरा, किशन लुहार, गोकुलबहादुर बोहरा र पुष्कर बोहराले अभियोग दाबीबाट सफाइ पाउने गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६७।१०।९ मा भएको फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल माघ ११ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-००४६, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), नेपाल सरकार *वि. प्रेमबहादुर कुँवरजी भन्ने प्रेमबहादुर कुँवर*

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) मा “कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने वा कुनै हैसियत, लाभ वा सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यता, नाम, तीन पुस्ते, उमेर, जात, थर, ठेगाना, नागरिकता वा योग्यता वा अन्य कुनै कुराको झुट्टा विवरण दिएमा वा सोसम्बन्धी झुट्टा प्रमाणपत्र पेस गरेमा निजलाई कसुरको मात्राअनुसार ६ महिना देखि १ वर्षसम्म कैद वा दश हजार रूपैयाँदेखि बीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ” भनी कानूनी व्यवस्थाले झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्रसम्बन्धी भ्रष्टाचारको कसुर हुन लाभ वा सुविधा पाउने उद्देश्यले राष्ट्रसेवकले शैक्षिक

योग्यता, नाम, तीन पुस्ते, उमेर, जात, थर, ठेगाना, नागरिकता वा योग्यता वा अन्य कुनै कुराको *झुट्टा* विवरण दिएको वा झुट्टा प्रमाणपत्र पेस गरेको हुनुपर्ने।

प्रतिवादीले Higher School स्तरको प्रमाणपत्र प्राप्त गरेको Central Board of Higher Education, New Delhi संस्था Council of Boards of School Education in India र Ministry of HRD बाट मान्यता दिइएको संस्थाहरूको सूचीमा नभएको भनी उल्लेखसम्म गरिएको देखिन्छ। तर, उक्त संस्था नै नक्कली, झुट्टा रहेको र पहिले देखि नै अस्तित्वमा नभएको भनी उल्लेख गर्न सकेको देखिएको छैन। यसबाट उक्त संस्था नक्कली वा झुट्टा नभई मान्यता नदिइएको भन्नेसम्मको स्थिति रहेको पाइयो। नक्कली प्रमाणपत्रको कसुर हुन आफूले हासिल नगरेको योग्यता हासिल गरेको छु भनी झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गर्नुपर्ने हुन्छ। यहाँ प्रतिवादीले हासिल गरेको शैक्षिक योग्यता झुट्टा हो भन्ने स्पष्ट भनाई नभई शैक्षिक योग्यताको प्रमाणपत्र जारी गर्ने संस्थाले मान्यता नपाएको भन्नेसम्मको अवस्था छ। संस्थाले मान्यता नपाएको भन्ने आधारमा मात्र प्रतिवादीले पेस गरेको प्रमाणपत्रलाई झुट्टा भनी अदालतले अनुमान गरी भ्रष्टाचारको कसुरदार मान्न न्यायोचित नहुने।

तसर्थ, प्रतिवादी प्रेमबहादुर कुँवरले Higher School स्तरको नक्कली झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचारको कसुर गरेको भन्ने आरोपबाट सफाइ पाउने ठहर्‍याई विशेष अदालत, काठमाडौंबाट मिति २०६९।१२।२२ मा भएको फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल माघ १० गते रोज १ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-००४७, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), नेपाल सरकार *वि. कृष्णमाया खतिवडा*

अनुसन्धानका क्रममा भएको प्रमाणीकरण र अदालतमा बयान गर्दा पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा फरकफरक व्यहोरा रहेको कारण के कुन साँचो हो, यकिन गर्ने उद्देश्यले विशेष अदालतका आदेशानुसार उच्च माध्यामिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरमार्फत बिहार इन्टरमिडिएट शिक्षा परिषद्, पटनाबाट प्रमाणीकरण भई आउँदा "बिहार विद्यालय परीक्षा समिति (उच्च माध्यामिक) बुद्ध मार्ग, पटनाको सुरक्षित सारणीयम पंजी (GTR) को मूल अभिलेख (Original) पानामा निजले पेस गरेको विवरणहरू ठीक देखिएको" भनी उल्लेख भएको देखिन आउँछ। उक्त प्रमाणीकरण संलग्न विवरणमा परीक्षा Intermediate Arts वर्ष 1994, रोल/कोड नं. 6504/30147 योग 494, श्रेणी II, परीक्षा कोड B.D.B.K.S. College Forbesganj Araria उल्लेख भएको देखिन्छ। प्रमाणीकरण भई आएका यी सम्पूर्ण व्यहोराहरू अनुसन्धान हुँदाका अवस्थामा मिसिल संलग्न रहेका प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्रसँग मिल्न भिड्न आएको पाइन्छ। यसरी उच्च माध्यामिक शिक्षा परिषद्मार्फत प्रमाणीकरण भई आएको अभिलेखबाट प्रतिवादीले बढुवा प्रयोजनका लागि पेस गरेको शैक्षिक योग्यता झुट्टा नभई सक्कली नै रहेको पुष्टि भएको देखिँदा झुट्टा शैक्षिक योग्यताका प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको अभियोगबाट प्रतिवादीलाई सफाइ दिने ठहर गरेको विशेष अदालतको फैसला अन्यथा भएको देखिन आउने।

प्रतिवादी कृष्णमाया खतिवडाले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई विशेष अदालत, काठमाडौंबाट मिति २०७०।१।२३ मा भएको फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृतः कपिलमणि गौताम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल माघ १० गते रोज १ शुभम्।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०८४२, भ्रष्टाचार, *नेपाल सरकार वि. महिनारायण साह*

मुद्दा अनुसन्धानका क्रममा प्रतिवादीको हाई स्कुल स्तरको शैक्षिक योग्यताको प्रमाणपत्र झुट्टा भन्ने लेखी आए पनि पछि विशेष अदालतबाट भएको आदेशानुसार प्रमाणीकरण भई आउँदा प्रमाणपत्र जारी गर्ने निकायले आफ्नो अभिलेखसँग भिडेको र उत्तीर्ण पनि भएको भनी प्रमाणित गरिदिएको पाइन्छ । प्रतिवादीले पेस गरेको पत्रलाई नै विशेष अदालतले मान्यता प्रदान नगरी दुई किसिमको प्रमाण आएबाट कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी साधिकार निकाय उच्च माध्यामिक शिक्षा परिषद्, सानोठिमी भक्तपुरमार्फत प्रमाणीकरण भएको देखिन्छ। प्रमाणपत्र जारी गर्ने निकायबाट फरक फरक किसिमको भनाई आएमा ती फरकमध्ये जुन प्रमाण पत्र सही हो भनी अन्ततः प्रमाणीकरण भई आएको हुन्छ त्यसैलाई सही हो भनी मान्नुपर्ने हुन्छ । प्रमाणीकरण भएको यस्तो विषयमा प्रतिवादीको मिलेमतो भएको छ भनी अनुमान गर्न न्यायोचित हुँदैन। यसप्रकार प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्र सक्कली नै प्रमाणित भएको अवस्थामा आरोपित कसुरबाट प्रतिवादीले सफाइ पाउने गरी विशेष अदालतबाट भएको फैसलामा कुनै त्रुटि रहेको नदेखिने।

तसर्थ, प्रतिवादी महिनारायण साहले हाई स्कुलस्तरको नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको भन्ने आरोपबाट सफाइ पाउने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०६९।११।९ मा भएको फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृतः कपिलमणि गौतम

इति संवत् २०७२ साल माघ १० गते रोज १ शुभम्।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०८४३, भ्रष्टाचार, *नेपाल सरकार वि. खगेन्द्रबहादुर हमाल*

हिन्दी विश्वविद्यालयबाट जारी भएको प्रमाणपत्रलाई नेपालको त्रिभुवन विश्व विद्यालयले मुद्दा अनुसन्धान गर्दाका समयमा मान्यता प्रदान नगरे पनि २०४२ सालभन्दा अगाडि सरकारी सेवाका लगि दरखास्त लिँदा लोक सेवा आयोगले मान्यता प्रदान गरेको भन्ने तथ्य लोक सेवा आयोगको मिति २०४२।२।६ को निर्णयले प्रमाणित हुन आएको पाइयो। यसप्रकार प्रत्यर्थी प्रतिवादीले २०४१ सालमा हासिल गरेको मध्यम स्तरको शैक्षिक योग्यताको प्रमाणपत्र तत्कालीन समयमा गैरकानूनी रहेको पनि देखिन आएन । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) ले झुट्टा प्रमाणपत्र पेस गरेको प्रमाणित भएमा मात्र कसुरदार हुने भनी स्पष्ट कानूनी व्यवस्था गरेको परिप्रेक्ष्यमा त्रिभुवन विश्वविद्यालय र लोकसेवा आयोगसँग भएका पत्राचारबाट प्रतिवादीले पेस गरेको मध्यमा स्तरको प्रमाणपत्र झुट्टा र नक्कली रहेको प्रमाणित हुन आएन । प्रतिवादीले हासिल गर्दाका अवस्थामा सरकारी सेवाको दरखास्त प्रयोजनका लागि लोकसेवा आयोगद्वारा मान्यता पाएको प्रमाणपत्रलाई हाल नेपालको त्रिभुवन विश्वविद्यालयसमेतले मान्यता प्रदान नगरेको भन्ने आधारमा मात्र झुट्टा प्रमाणपत्र रहेको ठानी भ्रष्टाचारको कसुर कायम गर्न न्यायको रोहमा उचित नदेखिँदा आरोपित कसुरबाट प्रतिवादीलाई सफाइ दिने गरी विशेष अदालतबाट भएको फैसलामा कुनै कानूनी त्रुटि रहेको नदेखिने हुँदा नक्कली र झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचारको कसुर गरेको भन्ने अभियोग दाबीबाट प्रतिवादी खगेन्द्रबहादुर हमालले सफाइ पाउने भनी विशेष अदालतबाट मिति २०६९।१०।२५ मा भएको फैसला मिलेको हुँदा सदर

हुने ।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल माघ १० गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-०२३८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. तुलबहादुर रोकाया*

विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निर्णय गर्दा लिइएका आधारहरू के कस्ता रहेका छन् उल्लेख गर्न सकेको देखिँदैन । आफ्नो निकायबाट निर्णय भएको भनी लिखित जवाफमा उल्लेख भए तापनि त्यस्तो निर्णयको प्रतिलिपि पेस हुन सकेको अवस्था देखिँदैन । निर्णय गर्दा के कुन कानूनको आधारमा गरिएको हो सोको पुष्टि गर्नुपर्नेमा सोसम्बन्धमा मौन रहेको देखिन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ मा आयोगको क्षेत्राधिकार सम्बन्धमा व्यवस्था गरिएको छ, जसमा उजुरीउपर अनुसन्धान र तहकिकात गरी मुद्दा दायर गर्ने व्यवस्था छ भने दफा ६ मा सार्वजनिक संस्थामा भएको अनुचित कार्यको सम्बन्धमा छानबिन गरी कारवाही गर्ने व्यवस्था समेटिएको छ । दफा ८ मा अनुचित कार्यसम्बन्धी उजुरी र दफा ११ मा विभागीय कारवाहीसम्बन्धी व्यवस्था गरिएको छ । त्यसैगरी दफा १२ मा विभागीय कारवाहीको लागि लेखि पठाउने तथा दुष्परिणाम सच्याउने आदेश दिन सकिने भन्ने व्यवस्था रहेको देखिन्छ । तर निवेदकहरूले कानूनसम्मतरूपले प्राप्त गरेको पदस्थापना बदर गराउने आदेश दिनसक्ने व्यवस्था उक्त ऐनमा कहीँकतै रहेभएको नदेखिने ।

राज्यका हरेक निकायहरूबाट भएका काम कारवाही र निर्णयहरू कानूनसम्मतरूपमा सम्पन्न हुनुपर्दछ । त्यस्ता निकायबाट सम्पन्न भएका काम कारवाही तथा निर्णयहरूको कानूनी आधार र औचित्यतासमेत पुष्टि भएको हुनुपर्दछ । कानूनी आधार र औचित्य पुष्टि नहुने कामकारवाही तथा निर्णयहरूले बैधता प्राप्त गर्न सक्दैनन् । अख्तियारप्राप्त व्यक्ति वा निकायले गरेको निर्णयमा निजले उक्त अधिकारको स्वेच्छाचारीरूपमा प्रयोग गरेको वा प्रस्ट आधार र कारण नखुलाई निर्णय गरेको अवस्थामा बाहेक त्यस्तो निर्णयको वैधानिकतामा प्रश्न उठाउन मिल्ने देखिँदैन । कानूनले कुनै विषयमा निर्णय गर्ने अधिकार कुनै पदाधिकारी वा निकायलाई प्रदान गर्दछ भने त्यस्तो विषयमा निर्णय गर्ने अधिकारको प्रयोग स्वतन्त्ररूपले त्यस्तो अधिकारी वा निकायले प्रयोग गर्नसक्ने नै हुन्छ । कानूनप्रदत्त अधिकारको प्रयोगको सम्बन्धमा अन्य निकायको नियन्त्रण वा निर्देशन वाञ्छनीय हुन नसक्ने ।

निवेदकहरूको पदस्थापनको सम्बन्धमा साधिकार निकायबाट भएको निर्णयलाई विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कुनै कानूनमा आधारित नभई आफ्नो क्षेत्राधिकारसमेतको वेवास्ता गरी मनोगतरूपमा निर्देशन जारी गरेको देखियो । त्यस्तो क्षेत्राधिकारविहीन निर्देशनका आधारमा निवेदकहरूलाई एक पटक पदस्थापन गरिसकेको विषयलाई सोही निकायले पुनरावलोकन गरी निजहरूको रोजगारीको हकमा असर पर्ने गरी प्राकृतिक न्यायको सिद्धान्तविपरीत सुनुवाइको मौकासमेत प्रदान नगरी निजहरूको पदस्थापना बदर गर्ने विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य सेवा विभागबाट भएको निर्णय तथा सोही निर्णयका आधारमा भएका पत्राचारहरू कानूनसम्मत रहेको भनी मान्न मिल्ने नदेखिने ।

एकपटक विभागीय निर्णयबाट पदस्थापना भई सेवा सुविधा प्रदान गरी कामकाज गरि आएका निवेदक सि.अ.हे.ब.हरूलाई कानूनबमोजिमको आधार र कारणबिना प्रदान गरिसकेको हक र सुविधालाई कटौति गर्दा उचित आधार र कारण खुलाउनै पर्ने हुन्छ । त्यस्तो प्राप्त गरिसकेको सेवा सुविधाको कटौति गर्ने निर्णयमा निजहरूको मन्जुरी लिएको वा असर पर्ने पक्षलाई पर्याप्त सुनवाईको अवसरसमेत प्रदान गरेको

हुनुपर्दछ र त्यसरी सुनवाइको मौका दिइएको थियो भन्ने स्पष्ट देखिनु पनि पर्ने।

स्वास्थ्य सेवा ऐन, २०५३ को चौथो संशोधन मिति २०७०।१२।१२ मा भएको देखिन्छ । उक्त संशोधनले स्वास्थ्य सेवा ऐन, २०५३ मा दफा ९ख थप गरी पदस्थापना सम्बन्धमा विशेष व्यवस्था गरेको छ। जसअनुसार यो दफा प्रारम्भ हुनुअघि स्तरबृद्धि वा तहमिलान भएका तर स्तरवृद्धि वा तहमिलान भएको पदमा उक्त ऐनको दफा १७ को उपदफा ३ बमोजिम गरी पदस्थापना भई नसकेका कर्मचारीहरूको लागि मन्त्रालयले पुल दरबन्दी सिर्जना गरी सो पुल दरबन्दीमा त्यस्ता कर्मचारीलाई पदस्थापना गर्ने छ भन्ने व्यवस्था भएको देखियो। यसरी संसोधित ऐनले समेत निवेदकहरूले पदनाम प्राप्त गरेकोमा हालको संशोधन (चौथो संशोधन) समेतले प्राप्त पदनामले वैधानिकता प्राप्त गरेको देखिन्छ । त्यस्तै पदनाम पाउन बाँकी रहेका सि.अ.हे.व.हरूले समेत ऐनको उक्त संसोधित व्यवस्थाबाट पदस्थापन भई पदनाम पाएको अवस्था छ।

निवेदकहरूलाई अधिकारप्राप्त निकाय नेपाल सरकार, माननीय मन्त्रिस्तरबाट मिति २०६५।४।७ मा भएको निर्णय र स्वास्थ्य सेवा विभागको विभिन्न मितिका निर्णयबमोजिम सि.अ.हे.व. पदनाम दिई सोही पदमा पदस्थापनसमेत गरिएको र सोही समयबाट कामकाजसमेत गरी आएको अवस्था देखियो। त्यसरी कामकाज गरी आएको अवस्थामा कुनै आधार र कारण नखुलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६५।९।९ को पत्रअनुसार भनी आफैँले चार वर्षअगाडि गरेको निर्णयलाई बदर गरी माननीय मन्त्रिस्तरबाट मिति २०६९।४।३२ मा निर्णय गर्नुपर्नाको औचित्य पुष्टि गर्न सकेको देखिन आएन। एक पटक निर्णय गर्ने र विना आधार सोही निर्णयलाई उल्टाउँदै जाने हो भने निर्णय गर्नुको औचित्य नै समाप्त हुन जान्छ । वैधानिक रूपमा भएका निर्णयहरूको पुनरावेदन सुन्ने वा त्यस्तो निर्णय बदर गर्न कानूनद्वारा नै स्पष्ट क्षेत्राधिकार सुम्पेको हुनु पर्दछ । हचुवाको भरमा कानूनद्वारा स्थापित तोकिएको क्षेत्राधिकार उपयोग गर्ने वैधानिक निकायको निर्णय प्रतिकूलका काम कारवाहीहरू गर्न कानूनले छुट दिएको मान्न मिल्दैन । प्रस्तुत मुद्दाको सन्दर्भमा पदनामबाट नै वञ्चित हुने अवस्था सृजना भएबाट त्यस्तो निर्णयलाई कानूनबमोजिम भएको वा वैधानिक निर्णय रहेछ भनी मान्न नमिल्ने।

नेपाल सरकार माननीय मन्त्रिस्तरको मिति २०६९।४।३२ को निर्णयमा कानूनसम्मत आधार र निर्णय बदर गर्नुको औचित्यता पुष्टि गराउन नसकेको अवस्थामा निवेदकहरूको पदस्थापना बदर गर्ने विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०६९।४।३२ मा भएको निर्णय र सोका आधारमा विपक्षी स्वास्थ्य सेवा विभागबाट मिति २०६९।५।१ मा भएको निर्णय तथा मिति २०६९।५।८ को पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। अब माननीय मन्त्रिस्तरको मिति २०६५।४।७ को निर्णयबमोजिम विपक्षी स्वास्थ्य सेवा विभागबाट निवेदकहरूलाई नेपाल स्वास्थ्य सेवाको अधिकृत छैठौं तह सिनियर अ.हे.ब. पदमा पदस्थापन गर्ने गरिएको निर्णय तथा सोसम्बन्धी पत्रबमोजिम भएको निवेदकहरूको पदस्थापना यथावत् कायम राख्नु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत: तीर्थराज भट्टराई

इति संवत् २०७२ साल पुस ८ गते रोज ४ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-०४१३, अंश चलन, *उद्धब कार्कीसमेत वि. सृजना थापा कार्की*

अघिल्लो पुस्तामा बन्डा नभएको भनेको अवस्थामा तायदातीमा सम्पत्ति नभएको भन्ने आधारमा

अंश छुट्ट्याई चलन चलाइरहन नपर्ने ठहर्‍याएको हदसम्म सुरू ललितपुर जिल्ला अदालतको मिति २०६८।२।११।४ को फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई अ.बं. १३९ नं. बमोजिम बुझिएका हरिबहादुर कार्कीले पेस गरेको स्रेस्तामा उल्लिखित सम्पत्तिमा हरिबहादुर कार्कीको हक हिस्साबाट ३ भागको १ भाग उद्धव कार्कीको भागबाट ४ भागको १ भाग प्रविणराज कार्कीको भाग छुट्ट्याई सोबाट ३ भागको २ भाग अंश छुट्ट्याई पुनरावेदक वादीले चलनसमेत पाउने ठहर्‍याई भएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा सुरू ललितपुर जिल्ला अदालतबाट अघिल्लो पुस्तामा बन्डा नभएको भनेको अवस्थामा तायदातीमा सम्पत्ति नभएको भन्ने आधारमा अंश छुट्ट्याई चलन चलाइरहन नपर्ने ठहर्‍याएको हदसम्म सुरू ललितपुर जिल्ला अदालतको मिति २०६८।२।११।४ को फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी हुने भनी ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।२।९।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल चैत १९ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०७०-CI-०४१४, गरहगहना फिर्ता, *कल्पना कार्कीसमेत वि. सृजना थापा कार्की* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CI-०७५५, अंश, *सावित्री थारूसमेत वि. अतोरनी थरूनीसमेत*

पुनरावेदन जिकिरतर्फ विचार गर्दा अ.बं. १३९ नं. बमोजिम बुझिएकी रेखा थारूले आफू अविवाहित भएको भने तापनि सर्जमिनका अधिकांश व्यक्तिहरूले रेखा थारूको विवाह पिताम्बर थारूसँग भएको भनी लेखाइदिएको मिसिलबाट देखिन्छ । त्यसैगरी भृकुटी उच्च माध्यमिक विद्यालय, बुड्डी ७, कपिलवस्तुको विद्यार्थी भर्ना आवेदन फाराममा रेखा थारूको अभिभावकको नाममा पिताम्बर थारूलाई श्रीमान् भनी रेखा थारूले उल्लेख गरेको देखिन्छ साथै अभिभावकको दस्तखत गर्ने ठाउँमा उनकै श्रीमान् पिताम्बर थारूले सही गरेको देखिन्छ भने विद्यालयको रेकर्डलाई रेखाले खण्डन गर्नसमेत सकेको देखिँदैन । उपर्युक्त कारणले गर्दा रेखा थारूको विवाह जिल्ला कपिलवस्तु राजपुर गा.वि.स. वडा नं. ३ बस्ने पिताम्बर थारूसँग भएको कुरा पुष्टि हुन आएको देखियो । प्रतिवादी बिरंगनाको सन्तानमध्ये रेखा थारूको विवाह भइसकेको हुँदा निज अंशियार होइनन् भनी वादीहरूले लिएको दाबी लिखित प्रमाणबाट पुष्टि गरेको र सो प्रमाणलाई निज रेखा थारूले अन्यथा हो भनी भन्न सकेको देखिँदैन, पुनरावेदन अदालत, बुटवलको फैसलाउपर सर्वोच्च अदालतमा रेखा थारूको पुनरावेदन परेकोसमेत नदेखिएबाट रेखाबाहेकका सात जना मात्र अंशियार कायम हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, बुटवलको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

रेखा थारूसमेतलाई अंशियार कायम गरेको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०६८।३।१९ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई रेखाबाहेकका सात जना मात्र अंशियार कायम हुने ठहर्‍याई पुनरावेदन अदालत, बुटवलको मिति २०६९।२।१६।३ मा भएको फैसला सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल चैत १९ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-११६२, अंश दर्ता, *देवनारायण ठाकुर वि. शिवसुनर देवी*

वादी र प्रतिवादीहरू पति, पत्नी तथा छोरा नाताका मानिस देखिएका छन् । तिनीहरूबिचमा कानूनअनुरूप अंशबन्डा भएको देखिँदैन । अंश लिनुदिनु भइसकेको छ भनी कसैले भन्न सकेको छैन। यी वादी प्रतिवादीहरू अंशियार हुन् र यिनीहरूबिच अंशबन्डा नभएको विषयमा कुनै विवाद नदेखिएको अवस्थामा वादीले प्रतिवादीहरूसँग अंश पाउनेमा कुनै विवाद नभएकोले अंश पाउने नै देखिने।

फाँटवारीमा उल्लिखित गाउँब्लकभित्र परेको घर जग्गाको भोग चलन के कसको छ ? सो कुराको यकिन नै नगरी हकभोग भएमा बन्डा गरिदिने हकभोग नभएमा बन्डा नगरी दिने गरी महोत्तरी जिल्ला अदालतले मिति २०६९।३।१३ मा गरेको फैसला सो हदसम्म नमिलेको हुँदा केही उल्टी भई वादी तथा प्रतिवादीको भोगमा रहेको भनी गा.वि.स. को सिफारिसबाट देखिएको वादी प्रतिवादीले फाँटवारीमा उल्लेख गरेको ०-०-७$^1/_2$ को गाउँब्लकको घर जग्गाबाट ३ भागको १ भाग अंश वादीले छुट्ट्याई लिन पाउने ठहर्‍याई भएको पुनरावेदन अदालत, जनकपुरको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा सुरू महोत्तरी जिल्ला अदालतको मिति २०६९।३।१३ को केही उल्टी हुने गरी प्रतिवादीहरूबाट वादीले ३ भागको १ भाग अंश पाउने ठहर्‍याई पुनरावेदन अदालत, जनकपुरको मिति २०७०।१०।२० मा भएको फैसला सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

इति संवत् २०७२ साल चैत १९ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CI-१४६५, उपयुक्त आदेश जारी गरिपाउँ, *सूर्य जीवन कन्स्ट्रक्सन प्रा.लि. को तर्फबाट अख्तियारप्राप्त प्रबन्ध सञ्चालक राजन भण्डारी वि. काठमाडौं महानगरपालिका वडा नं. ३२, अनामनगरस्थित न्यादी ग्रुप प्रा.लि. समेत*

करार ऐन, २०५६ को दफा ८७ अदालतको अधिकारक्षेत्रसँग सम्बन्धित करार लिखतको हकमा आकर्षित हुने प्रावधानको रूपमा निर्माण भएको पाइन्छ। कुनै करारको विवाद अदालतबाट समाधान हुने भएमा मात्र यो दफा आकर्षित हुने अवस्था रहन्छ । पुनरावेदक र विपक्षी न्यादी ग्रुपबिच भएको करार सम्झौताको विवादलाई पक्षहरूले नै अदालतको दायराभन्दा बाहिर मध्यस्थको अधिकारक्षेत्रभित्र पारेको अवस्थामा बैंक ग्यारेन्टीको हकमा उक्त दफा ८७ लाग्ने र बाँकी विवादमा मध्यस्थको अधिकार हुने गरी अधिकारक्षेत्रलाई अस्पष्ट र भ्रमपूर्ण पार्नु उपयुक्त नहुने हुँदा प्रस्तुत विषय विशुद्ध मध्यस्थको अधिकारक्षेत्रभित्र परेको विषय देखिँदा पुनरावेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।१।४ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : हर्कबहादुर क्षेत्री

कम्प्युटर : रमेश आचार्य

इति संवत् २०७२ साल पुस २६ गते रोज१ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६६-CR-०३५५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. खड्के ताम्राकार*

प्रतिवादीको मिति २०६५।६।५ मा स्वास्थ्य परीक्षण हुँदा प्रतिवादी शारीरिक र मानसिकरूपमा पूर्ण स्वस्थ रहेको भनी सेती अञ्चल अस्पतालले उल्लेख गरेको व्यहोराबाट समेत प्रतिवादीलाई नयाँ पूरानो कुनै घाखत परेको देखिँदैन। यसर्थ मृतकहरूले प्रतिवादीको शरीरको विभिन्न भागमा लड्डीले कुटपिट गरेको, त्यसको प्रतिक्रियास्वरूप प्रतिवादीले आफ्नो

ज्यान बचाउनका लागि मृतकलाई फलामको रडले प्रहार गरेको भनी प्रतिवादीले चित्रण गरेबमोजिमको वारदात देखिन नआउने।

प्रतिवादीले मृतकलाई प्रहार गरेको फलामे रडको लम्बाई ३ फिट १० इन्च र गोलाई ४ से.मी. रहेको पाइन्छ। सानो ढुङ्गोले टाउकोमा हान्दा सोही ढुङ्गो सांघातिक हुन पुग्छ भने उल्लिखित लम्बाइ र गोलाइ भएको फलामे रड जसलाई गाईवस्तुले पनि फुकाउन सक्दैनन्, त्यसलाई प्रतिवादीजस्तो बलियो मान्छेले मृतकको टाउकोमा जोडका साथ हान्ने कार्य सामान्य कार्य हो भनी भन्नु उपयुक्त हुँदैन। मृतकलाई हान्न प्रयोग भएको फलामे रड र प्रतिवादीको कार्य दुवैलाई जोखिमी भन्नुपर्ने।

मृतकको ज्यान लिने इवी र मनसाय लिएर मृतकलाई हानेको भन्ने प्रतिवादीको जिकिर नभए पनि मृतकलाई फलामको रडले पनि हान्ने मनसाय र इवी नरहेको भन्ने निजको जिकिर देखिँदैन। यसबाट फलामको रडले मृतकको टाउकोमा हान्ने प्रतिवादीको मनसाय र इवी विद्यमान रहेको र सो फलामे रड जोखिमी हतियार देखिएको स्थितिमा यी प्रतिवादीको कार्य ज्यानसम्बन्धीको महलको १४ नं. मा उल्लेख भएबमोजिम जोखिमी हतियारबाट नभई साधारण लाठा मुक्का, लात आदिले भएको भनी भन्न मिल्ने देखिँदैन। मृतकको ज्यान लिने इवी र मनसायभित्र मृतकलाई गम्भीर कुटपिट गर्ने मनसाय र इवी लिई कुटपिट an intention to cause grievous bodily harm गर्ने कार्य पर्ने भन्ने ज्यानसम्बन्धी कसुरको विधिशास्त्रीय मान्यता देखिन्छ । यी प्रतिवादीले अदालतमा गरेको बयानको जवाफ ८ मा फलामको रडले हान्दा चोट लागी मानिस मर्नसक्छ र सजाय हुन्छ भन्ने थाहा थियो भनी उल्लेख गरेको व्यहोराबाट आफूले गरेको कार्य र त्यसको परिणामबारे प्रतिवादीलाई पूरा जानकारी र पूर्वाभास (knowledge and foresight) रहेको देखिने।

प्रतिवादीले जाहेरवालीसँग राम्रै र मृतकसँग थोरै भएपनि रिस राखेको र जाहेरवालीलाई समेत प्रतिवादीले कुटपिट गरेकोले मृतक समूहप्रति प्रतिवादीको नियत सफा नरहेको, उल्लिखित विवादमा मृतक, जाहेरवाली र प्रतिवादीको श्रीमतीलाई घाचोट लागेको तर प्रतिवादीलाई चोटपटक लागेको नपाइएको, प्रतिवादीलाई मृतकसमेतका व्यक्तिले केही गरे बिराएको नभई रातको समयमा प्रतिवादीले आफ्नो जहान परिवारलाई अकारण गाली गलौज कुटपिट गरेको कारणबाट सो नगर्न भनी प्रतिवादीको श्रीमतीको बाबु र आमासमेतका व्यक्ति शुद्ध मनसायले प्रतिवादीको घरमा आएकोमा प्रतिवादीले नै फलामको रडले मृतकको टाउकोमा हानी मृतकको हत्या गरेको प्रस्तुत वारदात अभियोगदाबीको ज्यानसम्बन्धीको १३(१) नं. को वारदात देखिन्छ। यसमा प्रतिवादीलाई सोही १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्नुपर्नेमा सुरू कैलाली जिल्ला अदालत र पुनरावेदन अदालत, दिपायलले ज्यानसम्बन्धीको १४ नं. को कसुर ठहराई प्रतिवादीलाई १० वर्ष कैद गरेको फैसला त्रुटिपूर्ण देखिन आयो । अतः सुरू कैलाली जिल्ला अदालतको मिति २०६५।१०।१२ को फैसला र सो सदर गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०६६।५।१६ को फैसला उल्टी भई प्रतिवादीले अभियोगदाबीबमोजिम ज्यानसम्बन्धीको महलको १३(१) नं को कर्तव्य ज्यानको कसुर गरेको ठहरी निजलाई सोही १३(१) नं बमोजिम सर्वस्वसहित जन्मकैद हुने।

मृतक गोपाल वादी र प्रतिवादी खड्के ताम्राकार ज्वाइँ ससुरा नाताका देखिएका, प्रतिवादी रक्सीको नशामा रहेका, प्रतिवादीले मृतकसमेतलाई मार्ने नियत लिई पूर्वयोजना बनाई मृतकको घरमा गई वारदात गरेको नभई मृतक मात्र होइन मृतकको समूह नै प्रतिवादीको घरमा रातिमा आएका र मनासिब कुरामा विवाद गरेको भए पनि घडीघडी बेला कुबेला आफ्नो घरमा ससुराली पक्षका मानिस आई छोरीको पक्ष लिई प्रतिवादीसँग विवाद गरेबाट प्रतिवादीले आफूलाई

अपहेलित महसुस गरेको, प्रतिवादीले फलामको रडले मृतकको टाउकोमा एक चोट मात्र हानेको, त्यसबाट मृतक मरिहाल्ने नदेखिएकोले निजलाई राति उपचार नगराएको भनी प्रत्यक्षदर्शीहरूले गरेको बकपत्रसमेतको यस्तो परिबन्दयुक्त वारदातमा प्रतिवादीलाई क्रूर हत्यारालाई हुने हदैसम्मको सजाय गर्नु न्यायोचित हुँदैन । सुरूमा केही दिन प्रतिवादी फरार रही न्याय सम्पादनमा असहयोग गरेपनि पक्राउ भई आएपछि आरोपित कसुर गरेमा मौका र अदालत दुवै ठाउँमा साबित भई प्रतिवादीले न्याय सम्पादनमा सघाउ पुर्‍याएको निजको आचरणसमेतले गर्दा यी प्रतिवादी सजायमा राहत पाउने हकदार देखिन आउँछन । यस स्थितिमा अभियोगदाबीबमोजिम प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुँदा कसुर र सजायमा तालमेल हुनसक्ने नदेखिँदा प्रतिवादी खड्के ताम्राकारलाई मुलुकी ऐन अ.बं.१८८ नं. बमोजिम कैद वर्ष १२ हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल पुस २९ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०६०३, डाँका, *सत्यपाल बन्जारासमेत वि. नेपाल सरकार*

प्रतिवादीहरूले अदालतको बयानमा बरामद भएका क्यामरासहितका सामान कसको हो थाहा छैन भनी र अन्य नगदसमेत आफ्नो निजी भएको जिकिर गरेको देखिए पनि अधिकारप्राप्त अधिकारीसमक्ष निज प्रतिवादीहरूले बयान कागज गर्दा जाहेरवालाको मोटरसाइकलको डिकी फोडी उल्लिखित सामान चोरी गरेको भन्ने कुरामा साबित भएका छन् । निज प्रतिवादीहरूको मौकाको उक्त साबिती बयान बरामदी मुचुल्का, जाहेरवालाले अदालतमा गरेको बकपत्रसमेतबाट पुष्टि भएकै देखिएबाट प्रतिवादीहरूको अदालतको इन्कारी बयान समर्थन हुन सकेको देखिँदैन । प्रतिवादीहरूमध्ये रविन्द्र ग्वाला र अनुप ग्वाला नेपालमा मिति २०६६।१२।२३ मा नेपाल आएको र सो अगावै मिति २०६६।१२।२० मा भएको वारदातमा कसुरदार कायम गरी सजाय गर्न मिल्ने होइन भनी जिकिर लिए पनि प्रतिवादीहरू रविन्द्र ग्वाला,अनुप ग्वाला, सत्यपाल बञ्जारा र रिङ्कु ग्वालाले अदालतमा गरेको बयानमा आफूहरू ४ जनासमेत २८ मार्च २०१० अर्थात् २०६६।१२।१५ मा नेपाल घुम्न भनी आएको भनी स्वीकार नै गरेकोले यस अदालतमा लिएको वारदातको समयमा नेपालमा नै नभएको भन्ने अन्यथा जिकिरसँग सहमत हुन नसकिने।

अभियोग दाबीबमोजिम मुलुकी ऐन, चोरीको ६ नं. अन्तर्गतको वारदात कसुर स्थापित हुन नसकी चोरीको १ नं. अनुसारको साधारण चोरीको वारदात कसुरसम्म भए गरेको देखिएकोले पुनरावेदक प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम चोरीको ६ नं. विपरीतको कसुर स्थापित हुन नसकी चोरीको १ नं. अनुसार साधारण चोरीको कसुरसम्म भए गरेको देखिएकोले पुनरावेदक प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम ६ (छ) वर्ष कैद सजाय र बिगोको डेढो रू.२,३०,८५०।- जरिवाना हुने भनी सुरू झापा जिल्ला अदालतबाट मिति २०६८/९/२० मा भएको फैसला नमिलेको भनी केही उल्टी गरी प्रतिवादीहरू सत्यपाल बन्जारा, रिङ्कु ग्वाला, अनुप ग्वाला र रविन्द्र ग्वालालाई चोरीको १ नं. विपरीतको कसुरमा निज प्रतिवादीहरूलाई चोरीको १२ नं ले जनही १ (एक) महिना कैद र बिगोबमोजिम जरिवाना हुने ठहराएको पुनरावेदन अदालत इलामको मिति २०६९।६।९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अभियोग दाबीबाट सफाई पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असोज ६ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-CR-०६०४, डाँका, *सत्यपाल बन्जारासमेत वि. नेपाल सरकार*
- ०६९-CR-०६०५, डाँका, *सत्यपाल बन्जारासमेत वि. नेपाल सरकार*

## इजलास नं. ४

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०४९५, जबर्जस्ती चोरी, *नेपाल सरकार वि. नन्दबहादुर मगर*

प्रस्तुत वारदात जबर्जस्ती चोरीको हो वा नकबजनी भन्नेसम्बन्धमा वारदातको अवस्था विचार गर्दा, प्रतिवादीहरू सामान्यरूपमा खुल्ला ढोकाबाट भित्र प्रवेश गरेको नभई रातिको समयमा जाहेरवालाको घरको ढोकाको चुकुल उक्काएको तथा भाँचेर भित्र पसेको अवस्था देखिएको छ । यसरी प्रतिवादीहरू मुलुकी ऐन, चोरीको ३ नं. मा उल्लिखित खुल्ला ढोकाबाट बाहेक ढोकाहरू फोरी, खोली भित्र पसी चोरी गरेको अवस्था स्थापित भइरहेको देखिएको हुँदा नकबजनी चोरी गरेको ठहर्‍याई प्रतिवादीलाई बिगो रू. १,१४,२४०।– को डेढी रू. १७१३६०।– जरिवाना र १$^{१}/_{२}$ (डेढ) महिना कैदसमेत गर्ने गरी भएको पुनरावेदन अदालत, पोखराको मिति २०६८।३।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७३ साल जेठ ३२ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-०७२८, उत्प्रेषण / परमादेश, *दुर्गा कुमारी लामा वि. सुरजबज्र लामासमेत*

सुरजबज्र लामा वादी भई दायर भएको अर्को दे.नं.४९२५ को अंश मुद्दामा मिति २०६४।३।३ को फैसलाबमोजिम नै हुने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।७।२९मा फैसला भएपश्चात् अंशबन्डाको २२ नं. अनुसार तायदाती फाँटवारी बुझी अंशबन्डा गरिपाउँ भनी वादी सुरज बज्र लामाले मिति २०४७।८।१८ मा फैसला भएको अंश मुद्दामा फैसलामा उल्लेख भएबमोजिम फाँटवारीसमेतको निवेदन दिएको देखिन्छ । उक्त निवेदनमा मिति २०४७।८।१८ को फैसला र त्यसपछि निवेदक वादीका अन्य अंशियारहरूबिच चलेको अंश मुद्दामा भएको फैसलासमेतलाई दृष्टिगत गरी वादीको अंश छुट्ट्याइ दिनु भनी मिति २०६९।२।११ मा पुनरावेदन अदालत, पाटनबाट आदेश भएपश्चात् पूर्व फैसलाको आधारमा बन्डा छुट्ट्याउनेतर्फको कारवाही अघि बढेको देखिने।

मिति २०४७।८।१८ को अंश मुद्दाको फैसलालाई पछिल्ला अंश मुद्दाका फैसलाहरूले अन्यथा गरेको अवस्था देखिँदैन । उक्त फैसला यथास्थितिमा रहिरहेको र सो फैसलाले अंशबन्डाको २२ नं. अनुसार पछि तायदाती फाँटवारी पेस गरेको बखत वादीले प्रतिवादीहरूबाट अंश पाउने ठहर्‍याएको अवस्था देखिएको र हाल उठेको अंशबन्डाको कारवाही सोही फैसलाले ठहर्‍याएबमोजिम नै भएबाट मिति २०६९।२।११ को पुनरावेदन अदालतको आदेश तथा सो आधारमा काठमाडौं जिल्ला अदालतको तहसिल शाखाबाट भएको कारवाही कानूनअनुरूपकै भएकोले सो आदेश तथा कामकारवाहीहरू बदर गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदन मागबमोजिमको आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७३ साल जेठ ६ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WO-०७४५, परमादेश, *अधिवक्ता*

*श्यामकुमार विश्वकर्मासमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

प्रस्तुत रिट निवेदनसँग सम्बन्धित ऐनको दफा १६ अनुसार नियमावली, बनाउनेसम्बन्धी मुख्य कार्य तर्जुमाको यो यस्तो चरणमा रहेको भनी जवाफ फिराएको देखिँदैन। नेपाल सरकारको तर्फबाट नियमावली तर्जुमा गरिएको यस्तो कार्यलाई अनुचित बिलम्ब नै मान्नुपर्ने देखिन्छ। ऐन निर्माण भएको लामो समयसम्म पनि नेपाल सरकारका तर्फबाट नियमावली तर्जुमा गर्न लागिरहेको भनी जवाफ मात्र पेस भएको तर नियमावली तर्जुमाको लागि सार्थक प्रयास भएको नदेखिएको अवस्थामा नियमावली तर्जुमाको लागि सरकार प्रयत्नशील रहेको भनी मान्न नमिल्ने।

माथि विभिन्न प्रकरणमा विवेचित आधार र कारण तथा नियम तर्जुमाको आवश्यकताको रोहमा गरिएको विशेषणबाट जातीय भेदभाव र छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को सहज कार्यान्वयनको लागि तत्काल नियमावलीको तर्जुमा हुनु आवश्यक रहेको देखिँदा ऐनको प्रस्तावनाको परिलक्षित गरेको उद्देश्यअनुरूपका विषयसमेत समावेश हुने गरी प्रस्तुत आदेशको जानकारी प्राप्त भएको मितिले तीन महिनाभित्र जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) नियमावली तर्जुमा गर्नु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: चन्द्रप्रकाश तिवारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल जेठ २६ गते रोज ४ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-WO-०९५५, उत्प्रेषण / परमादेश, *अमरबहादुर पुनमगर वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौंसमेत*

कानूनभन्दा माथि कोही हुन सक्तैन। विपक्षी आयोग र विपक्षी समितिको काम कारवाही पनि कानूनसम्मत  र पारदर्शी हुनुपर्छ। तर विपक्षीहरूको कामकारवाहीमा खुल्लापनको अभाव देखियो। मिति २०७०।१०।२२ मा अन्तर्वार्तासमेत सम्पन्न भएको र मिति २०७०।१०।२२ मा निवेदकलाई यस ३ पदमा नियुक्ति गर्ने सिफारिस गरिएको यसरी पदपूर्ति समितिले यावत् काम सम्पन्न गरेको र त्यसमा लिखित परीक्षाको नतिजा प्रकाशन भएको मिति २०७०।९।२५ र सिफारिस भएको मिति २०७०।१०।२२ समेतबाट उक्त कार्यविधिको दफा ३०(ङ) को म्याद १५ दिन व्यतीत भएको चानचुन साढे तीन महिनापछि उल्लिखित विषयमा निवेदकको नियुक्ति बदर गरी एकतर्फी निर्णय गरेकोसमेतको विपक्षी आयोग र समितिको काम कारवाहीमा उत्तरपुस्तिका शुद्धीकरणसम्बन्धी कानूनलाई नजरअन्दाज (bypass) गर्ने काम भएको छ। यसबाट स्वेच्छाचारिताले प्रश्रय पाएको छ। विपक्षीहरूले विद्यमान कानूनप्रति आदर देखाई कानूनी राज्यको सम्मान गर्नुपर्नेमा सो गर्न नसक्नु भएको निष्कर्षमा यो इजलास पुगेको छ। यस्तो निर्णय कायम रहन नसक्ने हुँदा विपक्षी आयोगको मिति २०७१।१।३० र विपक्षी पदपूर्ति समितिको मिति २०७१।३।१८ को विपक्षी कार्यकारी समितिको मिति २०७१।३।२९ को निर्णय बदर भई निवेदन दाबीको यस ३ पदमा निवेदकलाई दिएको नियुक्ति कानूनसम्मत रहेकोले सो पदमा निवेदकलाई यथावत् काम गर्न दिनु भनी विपक्षी नेपाल कृषि अनुसन्धान परिषद्का नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

इति संवत् २०७२ साल फागुन २ गते रोज १ शुभम्।

- यसै लगाउको ०७१-WO-०३१०, उत्प्रेषण / परमादेश, *अमरबहादुर पुनमगर वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग,*

*टङ्गालसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-CI-०२४०, दा.खा. नामसारी निर्णय दर्ता बदर दर्ता, *गायत्रीदेवी कुम्हाल वि. जोगेन्द्रप्रसाद कुम्हाल*

पर्सा जिल्ला अदालतबाट वादी जोगेन्द्रप्रसाद कुम्हाल र प्रतिवादी चोकट पण्डित कुम्हालसमेत भएको बन्डापत्र बदर दर्ता मुद्दामा वादीको हकको हदसम्म बन्डापत्र हुने ठहरी मिति ०६४।३।२५ मा फैसला भएअनुरूप कि.नं. २२ को क्षेत्रफल ०-०-२ को जग्गाबाट पूर्वतर्फबाट क्षेत्रफल ०-०-०-१० पाउने ठहरी फैसला भएसमेतका आधार तथ्यबाट विपक्षी वादीले ३ खण्डको १ खण्ड अंश पाउने कुरामा विवाद देखिँदैन । अब जहाँसम्म नापी कार्यालय, पर्साबाट भएको सर्जमिन, ट्रायलचेकसमेतबाट उक्त कि.नं. को क्षेत्रफल नरबढी भई ०-०-८ कायम हुन आएको अवस्थामा उक्त नरबढी भई कायम हुन आएको जग्गाबाट बन्डा लाग्ने हो होइन भन्ने सन्दर्भमा विचार गर्दा अंशियारमा विवाद नदेखिएको र उक्त कि.नं. २२ को जग्गाबाट ३ खण्डको १ खण्ड भाग हिस्सा छुट्ट्याई लिन पाउने कुरामा कुनै विवाद नभएको अवस्थामा नापी शाखा, पर्साबाट उक्त जग्गाको नक्सा ट्रायलचेकबाट क्षेत्रफल ०-०-८ देखिएको भनी मालपोत कार्यालय, पर्सालाई ०६६।५।२९ मा च.नं. ४१६ को पत्रबाट कित्ताकाट दा.खा. मिसिल फिर्ता पठाएको देखिन्छ । अंशबन्डा एक जन्मसिद्ध र नैसर्गिक अधिकारको रूपमा रहेको वर्तमान परिवेशमा मुलुकी ऐन, अंशबन्डाको महलको २ नं. "अंशबन्डा गर्दा अंश पाउने सबैको बराबर अंश गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा नातामा विवाद नभई समान अंशियारा कायम रही आफ्नो आफ्नो भाग हिस्सा छुट्ट्याई लिन पाउने कुरामा विवाद नरहेको स्थितिमा नक्सा ट्रायल चेकबाट नरबढी भई कायम हुन आएको क्षेत्रफलमा घटीबढी गरी बन्डा हुन न्यायोचित हुन आउँदैन । तसर्थ वादी दाबी पुग्न नसक्ने ठहर गरी पर्सा जिल्ला अदालतबाट मिति २०६९।१२।६ मा भएको फैसला उल्टी भई नरबढी भएको कि.नं. २२ को ०-०-८ क्षेत्रफलबाट ३ खण्डको १ खण्ड वादीका नाममा दा.खा. हुने ठहर्छ भनी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।१२।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: चन्द्रा तिमिल्सिना

इति संवत् २०७३ साल वैशाख ९ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०८३८, कर्तव्य ज्यान, *गजेन्द्र लावती वि. नेपाल सरकार*

प्रतिवादीले मृतकको ज्यान लिने हिसाबले घातक संसाधनद्वारा मृतक विरूद्ध गम्भीर कुटपिट गरेको प्रस्तुत वारदात यथार्थता मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. भित्र पर्ने देखिन्छ। तथापि प्रतिवादी विरूद्ध ज्यानसम्बन्धीको महलको १४ नं. को अभियोग दाबी मात्र रहेकोले यो इजलास उक्त १४ नं. बाहेक १३ नं. तर्फ विचार गर्न असमर्थ छ। प्रस्तुत वारदात प्रतिवादीले थाम्न नसक्ने रिसको आवेशमा समेत गरेको देखिँदा प्रतिवादी गजेन्द्र लावती विरूद्धको अभियोग दाबी पुग्ने ठहर्‍याई निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद गरेको सुरू पाँचथर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६९।९।९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर: चन्द्रा तिमिल्सिना

इति संवत् २०७२ साल पुस २४ गते रोज ६ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CR-०२४८, ०२४९, ०२८६, लागु औषध खैरो हेरोइन, *विक्रम थापामगर वि. नेपाल सरकार, प्रतीककुमार राई वि. नेपाल सरकार, अजयदास वि. नेपाल सरकार*

प्रतिवादीहरूले प्रहरीमा भएको बयान आफ्नो स्वेच्छापूर्वकको बयान होइन भन्ने जिकिर लिई अदालतमा बयान गर्दैमा निजको त्यस्तो इन्कारी बयान मात्रका आधारमा निजहरूलाई निर्दोष मान्न नमिल्ने।

प्रहरीमा कुटपिट गरी बयान गराएको भए म्यादथपको क्रममा अदालत ल्याएको बखत सो कुराको जिकिर लिनुपर्नेमा त्यस्तो जिकिर लिएको वा पछि पनि कुटपिट गरी बयान गराएको जिकिर लिई घा जाँच गराउन निवेदन दिन सकेको देखिँदैन । प्रतिवादीहरूको इन्कारी कथन स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित हुन आवश्यक छ । प्रहरीले आफूलाई डर, त्रास देखाई वा धम्की दिई बयान गराएको कारणले प्रहरीमा कसुर स्वीकार गर्नु परेको कुराको जिकिर लिई प्रमाणितसमेत गर्न सक्नुपर्छ । तर प्रतिवादीहरूले आफूलाई बयान गर्दा बाध्य पारिएको कुटपिट गरेको वा अन्य के कस्तो कारणले आरोपित कसुर स्वीकार गर्नु परेको भन्ने कुरा भन्न नसकेको स्थितिमा यी प्रतिवादीहरूलाई अनुसन्धान अधिकारीसमक्ष कुटपिट गरी डरत्रास ईच्छाविपरीत बयान गराएको तथ्य प्रमाणबाट देखिन नआएको र निजहरूको सो साबिती बयान मिसिल संलग्न प्रमाण कागजातबाट समर्थित हुन आएको देखिएकोले उक्त साबिती बयान प्रमाण ऐन, २०३१ को दफा ९(१) बमोजिम निजहरूले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाइलाई अन्यथा भन्न नमिल्ने भई सो स्वीकारोक्तिलाई निजका विरूद्ध प्रमाणमा लिन पर्ने हुन आउने।

प्रतिवादीहरू आरोपित कसुरमा अनुसन्धान अधिकारीसमक्ष साबित भई बयान गरेका र सो साबिती बयान बरामदी मुचुल्का र सो बरामदी मुचुल्का तयार गर्ने प्रहरी सहायक निरीक्षक फणिराज शर्मासमेतको बकपत्र एवम् स्वतन्त्र प्रमाणबाट समर्थित हुनुका साथै प्रतिवादीहरूका साथबाट बरामद भएको वस्तु लागु औषध हेरोइन र गाँजा नै भएको भन्ने केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनबाट देखिई समर्थित हुन आएको र यी पुनरावेदक प्रतिवादीहरूले आफूहरू निर्दोष रहेको, आरोपित कसुर नगरेको भनी जिकिर लिएको भए पनि निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीमा रहेको कुरामा विवाद रहेन । यस्तो अवस्थामा प्रतिवादीहरूले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ बमोजिम आफ्नो निर्दोषिता पुष्टि गर्ने कागज प्रमाण पेस गर्न नसकेको अवस्थासमेतका आधार प्रमाणबाट यी पुनरावेदक प्रतिवादीहरूले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) (च) को कसुर गरेको देखिएकोले निजहरूलाई सोही ऐनको दफा १४(१) (छ) र (२) नं. बमोजिम जनही १० (दश) वर्ष कैद र रू. १,००,०००।– (एक लाख) जरिवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।१२।११ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल असार ३० गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६९-WO-०३५२, उत्प्रेषण, *कृपाराम जैसी वि. जिल्ला शिक्षा कार्यालय, दैलेखसमेत*

मिसिल संलग्न पत्रहरूबाट सरूवा भएका शिक्षकहरू परस्पर सरूवा भएको विद्यालयबाट रमाना भई सरूवा पदस्थापन भएको विद्यालयमा

हाजिर भइसकेकोसमेत देखिन्छ। जुन सरूवा निर्णय विरूद्ध प्रस्तुत रिट निवेदन दायर भएको छ सोही सरूवालाई स्वीकार गरी सरूवा भएका शिक्षकलाई सम्बन्धित विद्यालयबाटै रमाना पत्रसमेत दिएपश्चात् हाल उक्त सरूवा गैरकानूनी छ भन्ने तर्क गर्नु मनासिब देखिँदैन । उल्लिखित रमानापत्र हेर्दा निज शिक्षक चेतबहादुर शाहीलाई विद्यालयबाट मिति २०६८।९।८ मा रमानापत्र दिएपछि मात्र सो सरूवा विरूद्ध ढिला गरी मिति २०६९।६।७ मा यस अदालतमा प्रस्तुत रिट निवेदन दायर भएको देखिँदा मर्का पर्ने पक्ष समयमै अदालतमा उपस्थित हुनुपर्नेमा सो हुन नसकेको अवस्थामा विलम्बको सिद्धान्तको रोहमा पनि प्रस्तुत रिट निवेदन खारेजभागी देखिन्छ भने औचित्य र आवश्यकताको दृष्टिकोणबाट पनि युक्तिसङ्गत नदेखिने।

प्रचलित कानूनी व्यवस्था हेर्दा शिक्षा ऐन, २०२८ को दफा ११ को उपदफा ५(च) ले जिल्ला शिक्षा समितिलाई नेपाल सरकारको नीतिअनुरूप जिल्लाभित्रका सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा र विषयगत आधारमा दरबन्दी वितरण र मिलान गर्ने अधिकार रहेको देखिन्छ । यसैगरी शिक्षा नियमावली, २०५९ को नियम १६(ग२) र (ण) अनुसार पनि शिक्षक दरबन्दी मिलान गर्ने अधिकार जिल्ला शिक्षा अधिकारीलाई प्रदान गरेको देखिन्छ । यस्तो अवस्थामा उक्त दुवै निकायहरूले आफ्नो क्षेत्राधिकारअन्तर्गत शिक्षक दरबन्दी मिलानको सन्दर्भमा गरेको सरूवापत्रलाई अन्यथा प्रमाणित गर्ने वस्तुनिष्ठ आधार प्रमाण पनि निवेदकले पेस गर्न सकेको नदेखिँदा अधिकारविहीन काम गरेको भन्ने निवेदन जिकिर युक्तियुक्त र तर्कसङ्गत नदेखिने हुँदा सरूवा भएका शिक्षकलाई विद्यालयले आफैँ रमानापत्र दिएपश्चात् सोही विषयमा रिट दायर गरेको र शिक्षा ऐन, २०२८ तथा नियमावली, २०५९ ले आफ्नो जिल्लाभित्रका विद्यालयहरूको शिक्षक दरबन्दी मिलान गर्ने अधिकार जिल्ला शिक्षा समिति र जिल्ला शिक्षा अधिकारीलाई प्रदान गरेको देखिएकोसमेतका कारणबाट निवेदन जिकिर पुग्न नसक्ने भएकाले मिति २०६९।६।८ मा यस अदालतबाट जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने गरी प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल साउन ३१ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-WO-०६९३, उत्प्रेषण / परमादेश, *दिनेश प्रधान वि. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल ललितपुरसमेत*

रिट निवेदक दिनेश प्रधान नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको श्रव्यदृश्य अधिकृत (अधिकृत द्वितीय ) को पदमा मिति २०६०।४।३२ मा पदोन्नति भई कार्य गरेको र मिति २०६६।५।१७ गतेदेखि पद परिवर्तन गरी प्रशासकीय उपनिर्देशकको पद प्रशासन उपसमूहअन्तर्गतको पद रहेछ। हाल पदोन्नतिको लागि माग भएको प्रशासकीय निर्देशकको पद पनि प्रशासन उपसमूहअन्तर्गतकै पद रहेको भन्ने देखिन आउने।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान नियमावली, २०५५ को नियम ५.१(१) मा "विशिष्ट प्रथम र द्वितीय श्रेणीको पदमा पदोन्नति स्थायी सेवा गरेको हुनुपर्नेछ" भन्ने र सोही नियमावलीको नियम ५.१(४) मा "पदोन्नतिका लागि कार्य प्रकृति मिल्ने तल्लो श्रेणीका पदहरूमा नियमानुसार कार्य अवधि र शैक्षिक योग्यता पुगेको कर्मचारी मात्र सम्भाव्य उम्मेदवार हुन पाउने छन्" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रतिष्ठानको नियमावलीको उल्लिखित नियम ५.१(१) र ५.१(४) ले गरेको व्यवस्थालाई सापेक्षतामा राखी हेर्दा उल्लिखित प्रशासकीय निर्देशकको पदमा पदोन्नति हुनको लागि कार्य प्रकृति मिल्ने तल्लो श्रेणीको पदमा कम्तीमा ५ वर्ष अविछिन्न स्थायी सेवा गरेको हुनुपर्ने देखियो। दर्खास्त मागिएको प्रशासकीय

निर्देशक प्रथम श्रेणीको पदसँग कार्य प्रकृति मिल्ने तल्लो श्रेणीको पदमा निवेदक मिति २०६६।५।१७ मा मात्र प्रवेश गरेको देखिँदा सोअगाडि कार्य प्रकृति नमिल्ने विविध उपसमूहको श्रव्यदृश्य अधिकृतमा काम गरेको अवधिलाई समावेश गरी सेवा अवधि कायम गर्न मिल्ने नदेखिँदा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी समितिले मिति २०७०।१२।३ को निर्णय कानूनसम्मत नै रहेको पाइँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ ५ गते रोज १ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०८४४, कर्तव्य ज्यान, *हमान सिंह थापामगर वि. नेपाल सरकार*

भवितव्यलाई आकस्मिक घटना वा दुर्घटनाको रूपमा लिइन्छ। यसलाई दुर्घटनाका रूपमा लिइने हुँदा भवितव्य हुनलाई घट्न पुगेको घट्ना घटाउनेसम्मको कुनै कारण तथा रिसइवी नभएको देखिनु पर्ने, आफूले गरेको कामबाट कुनै दुष्परिणाम आउन सक्ने अवस्था तथा सम्भावना नरहेको देखिनु पर्ने, त्यस्तो दुष्परिणामको ईच्छा तथा पूर्वज्ञानसमेत नभएको हुनु पर्ने साथै वैध काम वैध साधनको प्रयोग गरी पर्याप्त सावधानी अपनाई गरेको पनि पुष्टि हुनुपर्दछ। उल्लिखित यी अवस्थाहरूले एक अर्काको विकल्पका रूपमा रहेको नभई यी सबै अवस्थाको संयोजन रहे भएको हुनुपर्दछ। यीमध्ये कुनै एउटाको अभाव भएमा त्यसलाई भवितव्य मान्न नसकिने।

खेतीबाली लगाउने गाउँ नजिकको बारीमा बिहानको समयमा मानिस काम गरिरहेका हुन सक्छन्, त्यस्तै कुहिरो लागेको स्पष्टसँग कुनै चिजवस्तु नदेखिने अवस्थामा बारी जस्तो ठाउँमा बन्दुक जस्तो सांघातिक हतियार चलाउँदा अरू कसैलाई लाग्न सक्दछ भनी जो सुकै सामान्य समझ भएका व्यक्तिले जान्नुपर्ने कुरा हुन आउने।

भिरालो जमिनमा तलबाट माथि बाटो र गाउँ वस्तीसमेत रहेको स्थानतिर गोली चलाएको देखिन्छ। माथि बाटो र गाउँ रहेकोमा तलबाट माथि गोली चलाउदा बाटो हिँड्ने र गाउँमा रहेका मानिसलाई लाग्न सक्ने सम्भावना रहने पनि सहज अनुमान गर्नु पर्ने विषय हो। यस्तो अवस्थामा प्रतिवादीमा भवितव्य ज्यान हुन आवश्यक आफूले गरेको कामबाट मानिस मर्ला भन्ने जस्तो नदेखिएको वा परिमाणको पूर्वज्ञान नभएको भनी मान्न सकिँदैन। यसमा ज्यान मार्ने कुनै कारण रिसइवी र सो गर्ने पूर्व इच्छा नभए पनि काम सावधानी अपनाई गरेको मानिदैन। बिहानको काम गर्ने समय, कुहिरो लागेको अवस्था, बाटो र गाउँतर्फ बन्दुक जस्तो साङ्घातिक हतियार चलाउँदाको यो अवस्थामा कसैलाई लाग्न गई दुष्परिणाम आउन सक्छ भन्ने परिणामको सम्भावना र पूर्वज्ञानको अनुमान पनि प्रतिवादीले गर्न नसक्ने भन्नु पर्ने केही आधार नदेखिने।

बाँदर मार्ने कार्य र साधनको रूपमा रहेको बन्दुक जस्तो घातक हतियार कुनै वैध कार्य र साधन पनि होइन। यसमा प्रतिवादीको कुनै अमुक व्यक्तिलाई वा मृतकलाई नै मार्ने मनसाय स्पष्ट नदेखिए पनि मानिस मर्न सक्ने परिणामको पूर्व सम्भावनाको जानकारी भने रहेकै देखिँदा वारदातलाई भवितव्यको कोटीमा राख्न सकिँदैन। यस्तोमा प्रतिवादीमा रहेको त्यही सम्भावनाको जानकारी नै आपराधिक कार्य पछाडिको मनसायका रूपमा रहेको हुन्छ। यदि कुनै आपराधिक कार्य एउटा ठिक बेठिक छुट्ट्याउन सक्ने व्यक्तिले आफ्नो कामको परिणाम देख्न सक्ने अवस्थामा स्वतन्त्र तथा स्वईच्छा (Voluntarily) गर्दछ र त्यसको परिणाम आपराधिक कार्य हुन्छ भने त्यहाँ मानसिक तत्त्व विद्यमान रहेको नै मानिन्छ। नाबालक, होस

नभएको, नशाको सुरमा रहेको जस्तो ठिक बेठिक छुट्याउन नसक्ने अवस्थाको व्यक्तिले वा कुनै डरत्रास, दबाबमा परी, कसैको आज्ञा पालन गर्न वा आफ्नो कार्यको परिणाम देख्न र पूर्वानुमान (foresees the consequences of own conduct) गर्न नसक्ने व्यक्तिले गरेको अपराधिक कार्यको पछाडि आपराधिक मनसाय रहेको नमानिने अवस्था पनि यसमा विद्यमान नदेखिने ।

मनसाय तथा नियत प्रत्यक्षरूपमा मात्र नभई अप्रत्यक्षरूपमा पनि रहे भएको हुन्छ । प्रत्यक्ष नियत (Direct Intention) मा प्रत्यक्ष आफूले गरेको कामबाट खास परिणाम पाउने लक्ष्य राखी सो प्राप्ति गर्न सफल हुँला भन्ने विश्वासमा कुनै काम गरिन्छ भने परोक्ष नियत (Obligue Intention) मा अभियुक्तले खास परिणाम प्राप्त गर्ने लक्ष्य राखेर काम गरेको हुँदैन तर पनि आफ्नो कामबाट यो परिणाम उत्पन्न हुन्छ भन्ने पूर्वज्ञान रहने वा अनुमान गर्नसक्ने भएर पनि उसले कुनै काम गरेको हुन्छ । यस वारदातमा पनि परिणामको पूर्वज्ञान वा सम्भावनाको अनुमान गर्नुपर्ने अवस्था छ तर परिणामको चाहना भने भएको देखिँदैन । तसर्थ यसमा प्रत्यक्ष नियत नभए पनि परोक्ष वा अप्रत्यक्ष नियत भने रहे भएकै मानिने ।

प्रस्तुत मुद्दा सिद्धान्त र कानूनत: भवितव्य नदेखिए तापनि सामान्यतः वारदातको अवस्था र परिस्थिति हेर्दा भवितव्य जस्तो देखिएको छ । यसमा मृतक हमानसिंह थापा मगरलाई मार्ने तथा ज्यानसम्बन्धी आपराधिक कार्य गर्ने कुनै योजना, तयारी, लक्ष्य, चाहना वा प्रत्यक्ष नियत प्रतिवादीको रहेको देखिँदैन । मार्नुपर्ने कारण रहेको पनि देखिँदैन । तत्काल केवल परिणामको सम्भावनातर्फ मात्र ख्याल नगरेको र सावधानी अपनाउनु पर्नेमा नअपनाएको अवस्था मात्र देखिन्छ । प्रतिवादी मृतकलाई आफ्नो गोली लागेपछि पनि मृतक नजिक गएको, अरूको गुहार मागेको, पानी खुवाएको जस्तो कार्य गरेको देखिन्छ । यसबाट प्रतिवादीमा आफ्नो कार्यप्रति पश्चात्ताप आएको प्रस्ट हुन्छ । यसपछि पनि प्रतिवादीले भाग्ने उम्कने काम नगरी अनुसन्धान र यस अदालतमा समेत आपराधिक कार्य स्वीकारी सहयोग गरेको अवस्था विद्यमान रहेको छ । यस्तो परिस्थितिमा निजले ठहरिएको ऐनबमोजिम सजाय गर्नु न्यायोचित हुँदैन । यसो गर्दा फौजदारी कानून र दण्डको औचित्यतासमेत पुष्टि हुन सक्दैन । यसकारण मुलुकी ऐन, अ.बं. १८८ नं. ले न्यायकर्तालाई न्यायिक स्वविवेकको अधिकार दिएको र वर्तमान सन्दर्भमा न्याय निरूपण प्रक्रियामा कसुर ठहर गर्ने कुरालाई एउटा पाटो र सजाय निर्धारण गर्ने कुरालाई अर्को पाटोको रूपमा लिने अभ्याससमेत बढ्दै गएको पाइने ।

प्रतिवादी हमानसिंह थापा मगरलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय १ बमोजिम सजाय गर्ने गरेको सुरू फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पोखराको फैसला सदर ठहरे पनि वारदातको अवस्था, प्रकृति र प्रतिवादीबाट भएका क्रियाकलापसमेतलाई विचार गर्दा अभियोग प्रमाणित भएको भए पनि प्रतिवादीलाई ऐनअनुसार सर्वश्वसहित जन्मकैद गर्दा चर्को पर्ने चित्तले देखेकोले निजलाई ५ (पाँच) वर्षमात्र कैद सजाय हुनु उपयुक्त देखिँदा निज प्रतिवादी हमान सिंह थापालाई ५ (पाँच) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः यदुराज शर्मा
कम्प्युटर: सुदर्शनप्रसाद आचार्य
इति संवत् २०७३ साल वैशाख १५ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०६९-CR-०६५३, ०६७१,०७०-CR-०२३२, कर्तव्य ज्यान, *विकास खड्का वि. नेपाल सरकार, सानुभाइ भन्ने पूर्णबहादुर खड्का वि. नेपाल सरकार, नेपाल सरकार वि. कृष्णबहादुर खड्का*

मौकामा कागज गर्ने व्यक्तिहरूको यी प्रतिवादीहरू जना २ को वारदातमा संलग्नता सम्बन्धमा मौकाको कागजको व्यहोरा र अदालतमा गरी दिएको

बकपत्रको व्यहोरा आपसमा मिल्न सकेको पाइँदैन। वस्तुस्थितिका ध्रुवबहादुर बस्नेतले प्रतिवादीहरू जना ४ ले नै कुटपिट गरेको तर राति भएकाले मानिस चिनेन भनी बकपत्र गरी दिएको पाइन्छ । यसबाट पनि यी प्रतिवादीको संलग्नता सम्बन्धमा केही भन्न सकिदैन । कतिपयले यी प्रतिवादीहरूको संलग्नता सम्बन्धमा केवल सुनेको आधारमा मात्र लेखाइदिएको अवस्था छ । यसरी व्यक्त गरेका कुरा एक आपसमा बाझिने परिस्थितिमा कुन कुरा सत्य हो भनी निर्क्योल गर्न नसकिने हुँदा त्यस्ता कुराहरूलाई प्रमाणमा लिन सकिँदैन । साथै सुनेको कुरामा विश्वसनीयता रहने भन्ने आधारसमेत रहन नसक्ने हुँदा सुनी जान्ने प्रमाण प्रमाण होइन भन्ने सिद्धान्त रही यसका आधारमा कानूनी व्यवस्थासमेत भएको देखिन्छ। त्यसैले सुनेको आधारमा व्यक्त गरेको भनिएका कुरा पनि प्रमाणमा ग्राह्य नहुने।

बायाँ हातको भित्री भागमा छाला खुइलिएको सानो घाउ, ढाडमा सानो घाउ, टाउकोमा चोटबाहेक मृतकका शरीरमा अन्य चोटहरू लागेको नदेखिएकाले ती व्यक्तिहरूको पोल विवादरहित मान्न सकिँदैन । त्यस्तै जाहेरवाला मृतकका दाजु भएको, नवराज थापा र इश्वर थापा स्वयम्ले कुटाई खाएको भनिएका व्यक्तिहरू भएका र गोकर्णबहादुर खत्री पनि कुटपिटपछि उपचारमा लग्ने निजहरूकै मानिस भनी बुझिएकाले निजहरूमा प्रतिवादीहरूका पुरै परिवारप्रति नै आक्रोशको भावना रहन सक्ने हुँदा यी प्रतिवादीहरू २ जनासमेतको संलग्नता रहेको भनेर पनि लेखाइदिएको हुन सक्ने हुन्छ। अपराध प्रमाणित गर्न, कसले के भन्यो भन्दा पनि कसको भनाइ शङ्कारहित छ भन्ने कुराले प्राथमिकता पाउने।

हाम्रो कानून प्रणालीमा कसुर गरेको कुरा वादीले शङ्कारहित तरिकाले पुष्टि हुने प्रमाण अदालतसमक्ष प्रस्तुत गर्न सक्नुपर्छ र ती प्रमाणहरूको अदालतले वस्तुनिष्ठ मूल्याङ्कन वा न्यायिक परीक्षण गरी न्याय निरूपण गर्दछ। कसैको भनाइलाई परीक्षण नै नगरी भनेको आधारमा मात्र कसुरदार कायम गर्दा निर्दोष व्यक्ति पनि कसुरदार ठहरिन सक्छ। केही गरी निरपराध व्यक्ति अदालतबाट कसुरदार ठहर हुन गए निजलाई हुन सक्ने अपूरणीय क्षतिको कल्पना पनि गर्न सकिँदैन । त्यस्तोमा निज तथा सिंगो समाजको अदालतप्रति र अन्तमा राज्यप्रति नै ठूलो कुण्ठासमेत उत्पन्न हुन जान्छ । त्यसैले कसुर गरेको भन्नेमा थोरैमात्र पनि शङ्का देखिएमा कसैलाई पनि कसुरदार ठहराउन नमिल्ने।

प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू कृष्णबहादुर खड्का र बच्चु खड्काको कसुरका संलग्नतासम्बन्धमा वारदातका चश्मदिद भनिएका व्यक्तिहरूको भनाइमा एकरूपता नदेखिनु, पहिलो जाहेरीमा निजहरूको संलग्नता सम्बन्धमा केही उल्लेख नहुनु, निजहरूले कुटपिट गरेको पुष्टि हुन सक्ने गरी मृतकको लासमा धेरै घाउ चोट रहेको नपाइनु, निजहरूको संलग्नता रहेको भन्ने सुनेको मात्र भनी लेखाइनुजस्ता मिसिल संलग्न आधार प्रमाणबाट यी प्रतिवादीहरूको कसुरमा कुनै किसिमको संलग्नता रहे भएको पुष्टि नहुँदा निजहरूले सफाइ पाउने ठहरी गरेको सुरू फैसला सदर गरी भएको पुनरावेदनको फैसलालाई अन्यथा भन्न सकिँदैन । यस्तो अवस्थामा यी प्रतिवादीहरूसमेत वारदात स्थलमा रही कुटपिट गरेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरूले अदालतमा बयान गर्दा अधिकारप्राप्त अधिकारीसमक्षको बयानलाई समर्थन नगरी आफूहरू वारदातमा संलग्न नरहेको भनी बकपत्र गरी दिए तापनि सो कुरा अन्य प्रमाणबाट समर्थित हुन सकेको अवस्था छैन । स्वयम् प्रतिवादीहरूले आफ्नो पुनरावेदन अदालतमा र यस अदालतमा दायर गरेको पुनरावेदन जिकिरमा वारदातस्थलमा आफूहरू नभएको र आफूले कुटपिट नगरेको भनी लेखाउनसमेत सकेको अवस्था छैन । प्रतिवादीमध्येका पूर्णबहादुर खड्काले आफूले मनसायपूर्वक कसुर नगरेको र

वारदात भवितव्यबाट घट्न गएकोले भवितव्यमा सजाय हुनुपर्ने भनी वारदातमा आफ्नो संलग्नतालाई स्वीकार गरी पुनरावेदन जिकिर लिएको देखिन्छ भने प्रतिवादी विकास खड्काले पनि आफू कुटपिटमा संलग्न नरहेको जिकिर गरे तापनि आफू वारदातस्थलमा नभएको भनी भन्न सकेको अवस्था छैन । यसबाट पनि प्रतिवादीहरूको अदालतको इन्कारी बयानलाई सत्य मान्न नसकिने ।

प्रतिवादीहरू पूर्णबहादुर खड्कासमेतका साक्षी विसु खड्काले आफू पसलमा चिया खाइरहेको अवस्थामा होहल्ला भएको ठाउँतिर हेर्न जाँदा नवराज थापा, इश्वर थापा र अर्जुन थापा एक आपसमा भनाभन गरिरहेका र एक आपसमा घचेटा घचेट गर्दा अर्जुन थापा अरनिको राजमार्गमा लडेका हुन् र प्रतिवादी पूर्णबहादुर खड्काको कुटपिटमा संलग्नता नरहेको भनी मिसिलमा कतै नभएको तथ्य नवराज थापा, इश्वर थापा र अर्जुन थापाको एक आपसमा घचेटा घचेट भई अर्जुन थापा लडेको कुरा स्थापित गराउन खोजेकोले निजको बकपत्रलाई सही हो मान्न सकिने अवस्था रहेन । प्रतिवादी विकास खड्काका साक्षी नानीकाजी थापाले वारदातस्थलमा विकास खड्का थिएन भनी आफूले वारदात देखेको मनसाय व्यक्त गरेकोमा विकास खड्कालाई नभएको देख्न सक्नेले अरू को थिए मलाई थाहा भएन भनी लेखाई दिएबाट यसलाई पनि सत्य मान्न नसकिने ।

मृतकको मृत्यु प्रतिवादीहरूको कुटपिटबाट भएको हो भन्ने तथ्य जाहेरी दरखास्तको व्यहोरा, प्रतिवादीहरूको साबिती बयान, मौकामा बुझिएका व्यक्तिहरूको मौकाको कागज तथा अदालतमा गरेको बकपत्रको व्यहोरा, शव परीक्षण प्रतिवेदनमा उल्लिखित कुराहरू जस्ता मिसिल संलग्न कागज प्रमाणहरूबाट समर्थित भइरहेको र सोसम्बन्धमा मिसिल संलग्न प्रमाणहरू एक आपसमा मिल्न भिड्नसमेत आइरहेको अवस्थामा मृतकको मृत्यु यी प्रतिवादीहरूको कुटपिटबाट भएको पुष्टि हुन जान्छ । अरू प्रमाणबाट समर्थित नहुने अवस्थामा केवल अदालतमा प्रतिवादीहरू जना २ को इन्कारी बयान र निजहरूका साक्षीको सोलाई समर्थनलाई मात्र आधार मानी घटनामा निजहरूको संलग्नता नभएको मान्न नसकिने ।

प्रतिवादीहरूमा मार्ने मनसाय थियो थिएन ? यदि थियो भने के कुन हदसम्म थियो ? भनी हेर्नु सान्दर्भिक हुन आएको छ । कुनै पनि कसुरका सम्बन्धमा मनसाय तत्त्वलाई छुट्टै मापन गर्ने कुनै यान्त्रिक विधि छैन । यसलाई आपराधिक कार्य गर्दा गरेका गतिविधि, तत्कालीन परिस्थिति, घटनाको पृष्ठभूमि, कसुरदारको संलग्नता, पीडितलाई पुग्न गएको चोट आदि जस्ता विषय सापेक्ष रही हेर्नुपर्ने ।

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. मा ज्यान लिने इबिलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्नेजस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएमा भवितव्य ठहर्छ भन्ने उल्लेख छ । यसबाट भवितव्य हुनलाई ज्यान मार्ने कुनै मनसाय रहेको हुनुहुँदैन र आफूले गरेको कामबाट मानिस मर्ला भन्ने परिणामको ज्ञान पनि यसमा हुँदैन । यस्तो अप्रत्यासित अवस्थामा केही गर्दा घटना घटेको वा मानिस मरेको भएमा मात्र भवितव्य भएको मानिन्छ । यसलाई आकस्मिक घटना वा दुर्घटनाका रूपमा लिइन्छ । त्यसैले भवितव्य हो भन्नलाई वारदात घटाउने मनसाय नभएको, गर्न खोजेको कार्य र त्यसमा प्रयोग भएका साधन वैध रहेको, यस्तो गर्दा वारदातको यस्तो परिणाम आउला भनी नदेखिएको, कार्य गर्न प्रसस्त सावधानी अपनाएको जस्ता कुरा पुष्टि हुन सक्नु पर्ने ।

प्रस्तुत वारदातका परिप्रेक्ष्यमा हेर्दा झगडाको कारण मासु नकिनिदिनु रहेको देखिन्छ । झगडा भई कुटपिट गर्ने क्रममा धकेलेकोमा कसैलाई धकेले तल पीच सडकमा पुग्छ र पीच सडकमा ठोक्किँदा मानिस मर्न पनि सक्छ भन्ने एउटा सामान्य चेतना

भएको मानिसले जान्न नसक्ने कुरा हो भनी मान्न पनि सकिँदैन । कुटपिट २ जना प्रतिवादीले गरेको देखिएको, धकेलिसकेपछि सडकमा उत्तानो परिरहेको अवस्थामा पनि यी दुवै प्रतिवादीहरूले लाठा ढुङ्गाले निरन्तर पिटिरहनुले मृतकलाई मार्ने मनसाय नरहेको भनी भन्न नसकिने ।

कर्तव्य ज्यान हुन मार्ने मनसाय धेरै अघिदेखि रहेको देखिनु पर्ने भन्ने आवश्यक हुँदैन घटनाको तत्काल अघि पनि कुनै कारणले इवी तथा मनसाय सृजना भएको हुन सक्छ । त्यस्तै यसमा भएको मासु किनी दिनु भन्नु, नकिनी दिँदा झगडा गर्नु, झगडाकै क्रममा कुटपिट गर्नु र घचेट्नु, घचेटेपछि पनि कुटपिट गर्नु र यसरी गरेका कुटपिटका कारण मृत्यु भई मृत्युका कारकहरूको शृङ्खलाबद्धता रहेको छ । यदि ज्यान मार्ने मनसाय नभएको भए यो शृङ्खलाबद्धताको कतै न कतै क्रमभंगता देखिनु पर्ने थियो । यस वारदातमा भएका यस्ता गतिविधि तथा कामलाई कुनै वैध तथा उचित काम र सावधानीपूर्वक गरेको कामका रूपमा पनि लिन सकिँदैन । यस्ता खाले कार्यमा मृत्युको परिणामको पूर्वजानकारी (Forsightness of Consequence) हुने अवस्थाहरू नरहेको मान्न पनि सकिँदैन । त्यस्तै ज्यानसम्बन्धीको महलको १६ नं. अनुसारको एउटा कामको लागि सावधानी पूर्वक हतियार उठाउँदा मृतकलाई लाग्न गएको, होस नपुर्‍याई हेलचक्राई गरी कुनै काम गर्दा घटना घटेको र रक्षा शिक्षा गर्नेले मर्नेको हितको निमित्त पनि कुटपिट गरेको देखिदैन । सामान्य कुटपिट मात्र गरेर पनि छोडेको नभई कुटपिट गरी घचेट्ने काम पनि गरेको र घचेटेपछि पनि दुवै मिलि कुटपिट गरेको देखिन्छ । यस्तो अवस्थामा प्रस्तुत वारदात भवितव्यबाट भएको भन्ने प्रतिवादी पूर्णबहादुर खड्काको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी विकास खड्काको आफू कुटपिटमा संलग्न नभएकोले सफाइ पाउँ भनी यस अदालतमा पुनरावेदन परेको देखिन्छ । निजको समेत संलग्नतामा कुटपिट भएको हो भन्ने तथ्यमाथि विवेचित आधार प्रमाणबाट पुष्टि भइसकेको अवस्था छ । सुरू र पुनरावेदन अदालतबाट निजको समेत कसुरमा संलग्नता रहेको भनी निजलाई अभियोग दाबीबमोजिम सजाय भएको अवस्थामा आफ्नो कसुरमा संलग्नता नरहेकोले सफाइ पाउनु पर्ने हो भनी निजले जिकिर लिँदा सो जिकिर प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २७ अनुसार निज प्रतिवादीमा नै रहने हुन्छ । सोअनुसार प्रतिवादीले आफ्नो संलग्नता नरहेको भनी आधार प्रमाण पुरयाउन सकेको पनि देखिँदैन । यसरी निज वारदातस्थलमा रही कुटपिट गरेको पुष्टि भइरहेको अवस्थामा निजको पुनरावेदन जिकिरसँग पनि सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादीहरूमध्येका कृष्णबहादुर खड्का र बच्चु खड्कालाई अभियोग दाबीबाट सफाई पाउने ठहराई र प्रतिवादीहरूमध्येका पूर्णबहादुर खड्का र विकास खड्कालाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय ३ बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याई गरेको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६९।५।२६को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको र प्रतिवादीहरू पूर्णबहादुर खड्का र विकास खड्काको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

पुनरावेदक प्रतिवादीहरू पूर्णबहादुर खड्का र विकास खड्काले अभियोग दाबीबमोजिम कसुर गरेको ठहर्‍याई निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय (३) बमोजिम सजाय गर्ने गरेको सुरू फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला सदर ठहरे पनि मृत्युको जरियाको रूपमा रहेको कुटपिटको वारदातमा कुनै ठूलो रिसइवी पहिलेदेखि रहेको र कुटपिट गरी मार्ने मनसाय तत्त्व पहिलेदेखि नै भएको देखिँदैन । कुटपिट तत्काल मासु किनी नदिँदा उठेको रिसबाट भएको देखिन्छ । कुनै षडयन्त्र गरी, मार्नलाई पूर्व योजना बनाई र सांघातिक

हतियारसमेतको प्रयोग गरी घटना भएको देखिँदैन। यी प्रतिवादीहरूको पारिवारिक तथा आर्थिक स्थिति हेर्दा, यी दुवै प्रतिवादीहरूले घरमा दुई दुईवटा श्रीमती रही आर्थिक अवस्था राम्रो नभएको भनी आफ्नो बयानमा लेखाई दिएको छन्। यस्तो अवस्थामा प्रतिवादीहरूले गरेको कसुरको अवस्थासमेतलाई विचार गरी अभियोग प्रमाणित भएको भए पनि ऐनअनुसारको २० वर्ष सजाय गर्दा चर्को पर्ने चित्तले देखेकाले यी प्रतिवादीहरू पूर्णबहादुर खड्का र विकास खड्कालाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम जनही १५ (पन्ध्र) वर्ष मात्र कैद सजाय हुनु उपयुक्त देखिँदा निजहरूलाई जनही १५ वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः यदुराज शर्मा

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल वैशाख १५ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-१०००, लेनदेन, *रामकुमार राजभण्डारी वि. ईच्छाकुमार श्रेष्ठ*

प्रतिवादीले लिखत गरिदिएको रू.३,००,०००/- (तीन लाख) नबुझाएकोले उक्त रकम प्रतिवादीबाट दिलाई पाउँ भन्ने फिराद मागदाबी रहेको छ। वादीले पेस गरेको प्रतिवादीले गरिदिएको लेनदेनको लिखत प्रतिवादीलाई देखाई अ.बं. ७८ नं. बमोजिम सनाखत गराउँदा लिखतमा भएको सहीछाप निज प्रतिवादीले गरिदिएको भनी सनाखत गरी दाबीको रकम प्रतिवादीले वादीलाई तिरिसकेको र तमसुक फट्टा गर्न भूल भएको भनी जिकिर लिई आएको देखिन्छ। तर लिखतबमोजिमको रकम वादीलाई दिए बुझाएको कुनै सबुद प्रमाण पेस गरी आफ्नो जिकिर खम्विर गराउन सकेको अवस्था छैन। वादीलाई रकम दिएको वा बुझाएको भए यी प्रतिवादीले वादीबाट तमसुकमा फट्टा जनाएको वा सो नभए रकम बुझाएको कानूनबमोजिमको भरपाई लिई प्रस्तुत गर्न सक्नु पर्नेमा सो गरेको पनि पाइँदैन। जहाँसम्म लिखतमा वादीलाई ब्याज बुझाउनु पर्ने भनी उल्लेख नभएकोमा ब्याज दिनुपर्ने होइन भनी जिकिर लिएको छ, लेनदेनको तथ्य स्थापित गर्ने लिखत तमसुक भएजस्तै वादीलाई प्रतिवादीले रकम दिए बुझाएको तथ्य प्रमाणित गर्ने तमसुकमा फट्टा जनाएको वा भरपाई गरी लिनुपर्नेमा सो भए गरेको देखिँदैन। ब्याज रकमसमेत भराएको उचित भन्न मिलेन भनी लिएको प्रतिवादीको जिकिरसम्बन्धमा विचार गर्दा निजले सुरू कारवाहीको सिलसिलामा सो जिकिर लिई प्रतिउत्तरमा उल्लेख गरेको वा लिखत सनाखत गर्दाका अवस्थामा त्यसतर्फ जिकिर लिन सकेको देखिन्न। सो अलवा पनि लिखतमै साँवा ब्याज पाउने गरी उल्लेख भएकोसमेतबाट देखिन्छ। वादीबाट पेस भएको लिखतलाई प्रतिवादीले अन्यथा हो भनी भन्न नसकेको अवस्थामा लिखतमा उल्लिखित साँवा र सोको कानूनबमोजिमको ब्याजसमेत वादीले प्रतिवादीबाट भराई लिन पाउने गरी भएको पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।१२।३ मा भएको फैसला न्यायको रोहमा मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विनोद रखाल

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल जेठ ६ गते रोज ५ शुभम्।

## इजलास नं. ८

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-RB-०५५, आयकर, *आन्तरिक राजश्व कार्यालय, काठमाडौं क्षेत्र नं. २ वि. युनाइटेड डिस्ट्रिब्युटर्स नेपाल प्रा.लि.*

स्थिर सम्पत्तिको ह्रास खर्चसम्बन्धमा Lease Office Development को खर्चलाई Pool 'E' मा समावेश गरेकोले उक्त खर्च दाबीलाई कार्यालयले अमान्य गरी करयोग्य आयमा समावेश गर्ने गरेको निर्णय कानूनसम्मत रहेको भनी लिएको जिकिरका सम्बन्धमा हेर्दा करदाताले व्यापारिक फर्मको विभिन्न

प्रकारको मर्मत सुधार गर्दा भएका खर्चलाई विधिपूर्वक सम्पत्ति समूह ‘E’ मा राखी आम्दानी बाँधेको अवस्था कर अधिकृतले कर परीक्षण गर्दा Lease Office Development को खर्चलाई Pool ‘E’ मा समावेश गरेकोलाई अमान्य गरी त्यस्तो खर्चलाई कुन सम्पत्तिमा समावेश गर्नुपर्ने हो सो उल्लेख नगरी ह्रास खर्च अमान्य गर्ने गरेको कार्यालयको निर्णय कानूनसम्मत मान्न सकिने नदेखिने।

आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. २ ले मिति २०६२।१२।१० मा गरेको निर्णय उल्टी गरी राजस्व न्यायाधिकरण, काठमाडौं क्षेत्र नं. २ ले मिति २०६६।१२।२४ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक आन्तरिक राजश्व कार्यालय, क्षेत्र नं. २ को पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: तेजबहादुर खड्का

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल साउन १८ गते रोज ३ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- एकै प्रकृति ०७०-RB-०५३, मूल्य अभिवृद्धि कर, *आन्तरिक राजश्व कार्यालय, काठमाडौं क्षेत्र नं. २ वि. युनाइटेड डिस्ट्रिब्युटर्स नेपाल प्रा.लि.*
- एकै प्रकृति ०७०-RB-००५४, आयकर, *आन्तरिक राजश्व कार्यालय, काठमाडौं क्षेत्र नं. २ वि. युनाइटेड डिस्ट्रिब्युटर्स नेपाल प्रा. लि.*

## एकल इजलास

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७२-WO-१०३८, उत्प्रेषण, *गोविन्दप्रसाद जैसवाल वि. विष्णुमाया अर्जेलसमेत*

यसमा मुद्दामा भएको प्रमाण बुझ्नेसमेतका आदेशको औचित्य रिटबाट परीक्षण गर्नु उपयुक्त हुँदैन । त्यस्ता आदेशको जाँच सोभन्दा माथिको पुनरावेदन अदालतबाट हुने कानूनी व्यवस्थाबमोजिम पुनरावेदन अदालत, बुटवलबाट समेत भइसकेको अवस्थामा प्रस्तुत रिटबाट उक्त मुद्दाको अन्तरवस्तुमा प्रवेश गरी तथ्य प्रमाण केलाई सदर बदरको आदेश गर्दा साधारण र असाधारण अधिकारक्षेत्रको लक्ष्मणरेखा समाप्त हुन पुग्छ। समुद्र आफ्नो मर्यादामा रहेजस्तै रिट अधिकारक्षेत्र पनि आफ्नो मर्यादाभित्र रहनुपर्छ अर्कोतिर उल्लिखित आदेशअनुसार के कस्तो तथ्य खुल्छ ती प्रमाणयोग्य हुन्छन् आदि यावत् विषयमा सो मुद्दामा फैसला हुँदा विचार भई न्याय निरूपण हुने अवस्था बाँकी नै रहेकोले उक्त आदेशबाट रिट निवेदकको संविधानप्रदत्त हकको हनन् भइसकेको अवस्था पनि छैन । सुरु जिल्ला र पुनरावेदन अदालतले आफ्नो अधिकार भएको विषयमा न्यायिक मर्यादाभित्रै रही गरेको आदेशमा कानूनको कुनै पनि कार्यविधिको उल्लङ्घन भएको पाइँदैन। यसरी उल्लिखित आदेशमा अधिकारक्षेत्रको अभाव वा कानूनको कार्यविधिगत त्रुटि विद्यमान नरहेकोसमेतबाट विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्द्रा तिमिल्सिना

इति संवत् २०७३ साल असार १ गते रोज ४ शुभम्।